का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १८, अंक ३९
२७ फागुन २०७६, मंगलबार
10 March 2020, Tuesday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक



होलीको रौनकः कोरोना भाइरसको संक्रमण रोकथामका लागि सरकारले ठूलो जमघट हुनेगरी होली नमनाउन आग्रह गरेका थिए। सरकारको आग्रह पछि, अघिल्लो वर्षहरूजस्तो नभए पनि स-साना समूहमा रमेर होली मनाइएको छ।

# प्रधानमन्त्री बुधबार डिस्चार्ज

**फागुन २१ गते मिर्गौला प्रत्यारोपण गराएका प्रधानमन्त्री केपी शर्मा ओलीको बुधबार डिस्चार्ज हुने संभावना रहेको जनाइएको छ। तर, उनका प्रेस सल्लाहकार सूर्य थापाले भने डिस्चार्जको मिति भन्न नमिल्ने बताएका छन्।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन

काठमाडौंः प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण २१ गते भएको थियो। तर, अहिलेसम्म उनको अप्रेशनपछिको ल्याब रिपोर्टका सूचकाङ्क सार्वजनिक भएको छैन। तर, अस्पताल र प्रधानमन्त्रीका प्रेस सल्लाहाकारले दैनिक मिडिया ब्रिफिङ गरिरहेका छन्। र, भन्दै छन्, प्रधानमन्त्रीको स्वास्थ्य समान्य छ। तर, के आधारमा उनीहरुले प्रधानमन्त्रीको स्वास्थ्य अवस्था समान्य रहेको जानकारी दिएका छैनन्। प्रधानमन्त्री ओली अस्पताल भर्ना भएदेखि उनको सचिवालयले हरेक दिन दिउँसो ४ बजे मिडिया ब्रिफिङ गर्ने गरेको छ।



तर, प्रधानमन्त्री ओलीको कुनै रिपोर्ट सार्वजनिक भएको छैन। यस विषयमा मिर्गौला रोग विशेषज्ञ डा. ऋषिराज काफ्लेले प्रधानमन्त्रीको आदेश अथवा उनको सचिवालयले लुकाएको हुन सक्ने बताउँछन्। काफ्लेले भने, 'उहाँले म मेरो स्वास्थ्यबारे जानकारी अहिले दिन्न पछि सबै ठिक भएपछि दिन्छु भन्न पाउनुहुन्छ। यो उहाँको अधिकार हो। अथवा सचिवालयको निर्देशन अनुसार रिपोर्ट सार्वजनिक नभएको होला।' अस्पतालले रिपोर्ट दिने गरेको जिकिर गर्दै रिपोर्ट सार्वजनिक भए विवादमा आउन सक्ने सम्भावना पनि रहेको बताए। उनले भने, 'उहाँको नयाँ मिर्गौलाले कसरी काम गऱ्यो ? काम त शरीरमा जोड्ने बित्तिकै गर्न सुरु गर्छ। स्वास्थ्य स्थिर छ भनेर मात्रै हुँदैन। कसरी ठिक छ स्वास्थ्य भन्ने कुरा त अहिलेसम्म सार्वजनिक भएको छैन।' उनले अस्पतालबाट सबै विवरण सार्वजनिक नभएसम्म स्वास्थ्य ठिक भन्न नमिल्ने बताए। उनले भने, 'क्रिटिन परीक्षणपछि मात्रै खास अवस्था थाहा हुन्छ। त्यतिकै ठिक छ भन्न कहाँ पाइयो। हामीलाई त एक्ज्याक्ट थाहा छैन नि कस्तो छ भन्ने। कतिपय ठाउँमा यस्तो छ भनेर सबै सार्वजनिक गर्ने पनि चलन छ। कतिपयमा सार्वजनिक गरिँदैन। यो जनताले जान्न पाउनुपर्ने विषय हो। सबै ठिक छ भनेपछि सार्वजनिक हुने होला।'

उनका अनुसार ल्याब रिपोर्ट सबै राम्रो भएमा सातदेखि १० दिनभित्र मिर्गौला प्रत्यारोपण गरिएका बिरामीलाई डिस्चार्ज गर्न मिल्ने जानकारी दिए। 'इन्फेक्सन भएको छ वा छैन? पिसाब के कति मात्रामा भइरहेको छ? सुगर प्रेसरको अवस्था के छ? सबै रिपोर्ट हेरेर डिस्चार्ज गर्न मिल्छ।', उनले भने, 'तर सुरुवाती चरणमा सबैभन्दा बढी जोखिम औषधिले मिर्गौलामा इन्फेक्सन हुन सक्छ।'

फागुन १९ गते प्रधानमन्त्री अस्पताल भर्ना भएका थिए भने २१ गते उनको शल्यक्रिया भएको थियो। ओलीका प्रेस सल्लाहकार सूर्य थापाले बिहान १० बजेर १२ मिनेटमा फेसबुकमा स्ट्याट्स लेख्दै प्रधानमन्त्रीज्यूलाई मिर्गौला प्रत्यारोपणका लागि बिहान १० बजे अपरेसन थिएटरमा लगिएको जानकारी दिएका थिए। थापाले फेरि दिउँसो ३ बजेर ४८ मिनेटमा स्टाटस लेख्दै भने, 'सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको प्रत्यारोपण सफलतापूर्वक सम्पन्न भएको छ। समीक्षा संग्रौलाले मिर्गौला प्रदान गरी उहाँलाई नयाँ जीवन दिनुभएकोमा बधाई छ।' यसैबीच, अस्पतालमा आराम गरिरहेका प्रधानमन्त्री ओली बुधबारसम्म डिस्चार्ज हुने सम्भावना रहेको छ। प्रधानमन्त्रीको स्वास्थ्यमा क्रमिक सुधार आएकाले अब डिस्चार्ज गर्न सकिने जनाइएको छ। मंगलबार वा बुधबार डिस्चार्ज गर्ने तयारी भएको जनाइएको छ।

# अलपत्र एमसीसी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन

नेपालमा विवादित बनेको अमेरिकी सहायता मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (एमसीसी) परियोजना अलपत्र परेको छ। प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाले एमसीसी पारित गर्नु पर्ने बताउँदै आए पनि अहिलेसम्म एमसीसी अलपत्र परेको हो। संघीय संसदको प्रतिनिधिसभामा दर्ता भइसके पनि सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रकै किचलोका कारण अन्योलमा परेको छ। गत माघ १९ गते सकिएको पार्टी केन्द्रीय कमिटी बैठकले एमसीसीका कतिपय प्रावधान मुलुकहित विपरीत रहेको भन्दै कार्यदल बनाएर अध्ययन गर्न सुझाएको थियो। तर, कार्यदलको प्रतिवेदनमाथि अहिलेसम्म सुनवाई भएको छैन।

नेकपाका अधिकांश केन्द्रीय सदस्यहरूले यथास्थितिमा पारित नगर्न र अध्ययन गरेरमात्रै निष्कर्षमा पुग्न सुझाव दिएका थिए। पार्टी महासचिव विष्णु पौडेलले कार्यदलले प्रतिवेदन नै बुझाउन बाँकी रहेकाले एमसीसीबाट टुंगोमा पुग्न नसकिएको बताए। कार्यदलले फागुन नौ गते अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड समक्ष एमसीसी परिमार्जनको सुझाव सहितको प्रतिवेदन बुझाएको बताएको थियो। एमसीसीसँग अर्थमन्त्रालयले अलग्गै सम्झौता गरेको पाइएको र सम्झौताका कतिपय प्रावधानहरू नेपालको संविधान, सार्वभौमिकतामाथि दख्खल पुऱ्याउने प्रकृतिको भएकाले यथा हालतमा पारित नगर्न सुझाव दिएको कार्यदलको प्रतिवेदनमा उल्लेख छ। तर, महासचिव पौडेलले कार्यदलले मोटामोटी रूपमा मात्रै प्रतिवेदन बुझाएकाले सचिवालय निर्णयमा पुग्न बाँकी रहेको बताउँदै आएका छन्। उनले भने, 'कार्यदलले विस्तृत रूपमा प्रतिवेदन बुझाएको छैन। कार्यदलले प्रतिवेदन बुझाएपछि मात्रै यसबारेमा भन्न सकिन्छ।' एमसीसीबारे केन्द्रीय कमिटीमा मत विभाजनको अवस्था रहेजस्तै सचिवालयमा पनि मतैक्य छैन। स्थायी कमिटीमा त झन् ठूलो विभाजन छ। प्रधानमन्त्री अस्पतालबाट फिर्ता भएपछि सहमतिको प्रयास हुने नेकपा स्रोतले जनाएको छ।

# 'पर्याप्त उपभोग्य वस्तु'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन



उपभोग्य बस्तुका लागि आत्तिनु नपर्ने सरकारले दाबी गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले उपभोग्य बस्तु पर्याप्त मात्रामा रहेको भन्दै कोही आत्तिनु नपर्ने बताएका छन्। कोरोना भाइरसको सन्त्रासकाबीच बजारमा अत्यावश्यक उपभोग्य वस्तुको आपूर्ति असहज भएको छ। सोमबार राजधानीमा आयोजित सञ्चारकर्मीहरुसँगको छलफलमा मन्त्री भट्टले मुलुकको आपूर्ति व्यवस्था सहज रहेको दाबी गरे। मन्त्री भट्टले बजार र आपूर्तिको अवस्था पहिले जस्तै रहेको र भोलिको दिनमा पनि यस्तै रहने हुँदा कोहीपनि आत्तिनु नपर्ने बताए। केहीगरी देशमा त्यस्तो समस्या आइहाले पनि सरकार पूर्णतः तयारी अवस्थामा रहेको भट्टले दाबी गरे। उनले भने, 'कोरोनालाई लिएर बजार अभाव र आपूर्तिबारे कुनै शंका गर्नुपर्दैन। पहिले जस्तो थियो अहिले पनि बजार उस्तै छ। सहज आपूर्ति भइरहेको छ। खाद्यान्नतर्फ त समस्या छँदैछैन। आउँदो दशैंसम्म धान्ने खाद्यान्न हामीसँग स्टोर छ। अहिलेको अवस्थामा धान मात्र २० हजार मेट्रिक टन स्टोर छ।'

मन्त्री भट्टले मास्क, सेनिटाइजलगायत औषधिको माग बढेको कारण केही समस्या आएको स्वीकार गरे। बाँकी पृष्ठ २ मा

# नेपालसहित १४ देशका नागरिकलाई कतार प्रवेशमा रोक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन।

कतारले नेपालसहित १४ देशका नागरिकलाई आफ्नो देश प्रवेशमा रोक लगाएको छ। विश्वव्यापी रूप लिइरहेको कोरोनाभाइरस (कोभिड-१९) को संक्रमण न्यूनीकरण सतर्कताअन्तर्गत कतारले यस्तो नीति लिएको हो।

कतारी पत्रिका गल्फ टाइम्स र दी पेनुन्सिलालगायतले त्यहाँका अधिकारीलाई उद्धृत गर्दै आइतबारदेखि लागू हुने गरी कतार प्रवेशमा रोक लगाउने निर्णय भएको जनाएको छ।

कतारले सुरुमा इटलीबाट कतार प्रवेश गर्ने विदेश नागरिकहरूको प्रवेशमा रोक लगाएको थियो। तर, संक्रमण थप फैलने खतरा बढेपछि उसले नेपालसँगै १४ देशमा नागरिकको प्रवेशमा अल्पकालीन प्रतिबन्धको निर्णय लिएको हो।

त्यहाँको द गभरमेन्ट कम्युनिकेसन अफिस (जीसीओ) का अनुसार, बंगलादेश, चीन, इजिप्ट, भारत र इरान नागरिकको प्रवेशलाई पनि रोक लगाइएको छ। त्यस्तै, इराक, लेवनान, पाकिस्तान, फिलिपिन्स, दक्षिण कोरिया, श्रीलंका, सिरिया र थाइल्यान्डका नागरिकले पनि प्रतिबन्ध फुकुवा नभएसम्म कतार प्रवेश पाउने छैनन्।

झन्डै एक सयभन्दा बढी मुलुकका आप्रवासी कामदार रहेको कतारमा नेपाली कामदारको सख्या चार लाखभन्दा बढी रहेको अनुमान छ। कतारको पछिल्लो निर्णयले विजनेश वा भिजिट भिसामा कतार प्रवेश गर्नेदेखि रोजगारीका लागि जाने सबै प्रभावित हुने भएका छन्।

कतारले परिस्थितिको सूक्ष्म मूल्यांकन गरिरहेको भन्दै परिस्थितिमा सुधार देखिए अस्थायी प्रतिबन्ध हटाउन सकिने जनाएको छ। कतारले आफ्ना देशका नागरिकहरूलाई पनि सकेसम्म विदेश नजान आग्रह गरेको छ।

त्यसअघि, आइतबार नै कतारमा कार्यरत तीन जना आप्रवासी कामदारलाई कोरोना भाइरस संक्रमण भएको पुष्टि भएको छ। तर उनीहरू कुन देशका हुन् भन्नेबारे बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## यूएईमा २ नेपाली संक्रमित

**काठमाडौं/मस-** कोरोनाभाइसरबाट यूएईमा २ नेपाली संक्रमित भएका छन्। त्यहाँको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै दुई नेपालीसहित १४ नयाँ संक्रमित भेटिएको जनाएको छ।

दुई नेपालीमा कोरोना संक्रमित भेटिएको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाए पनि उनीहरूको पहिचानबारे भने केही बताइएको छ।

विदेशमा रहेका नेपाली कोरोनाबाट संक्रमित भएको यो दोस्रो घटना हो। यसअघि भर्खरै नेपालबाट अस्ट्रेलिया पुगेका एक नेपालीमा कोरोनाको संक्रमण भेटिएको थियो। २ नेपालीलाई कारोनाको आशंकामा त्यहाँको क्वारेन्टाइनमा राखिएको छ।

यूएईको स्वास्थ्य मन्त्रालयका अनुसार, सोमबार त्यहाँ नयाँ संक्रमित भेटिएका छन्। यीमध्ये चार जना यूएईका हुन्। त्यस्तै दुई नेपाली, तीन इटली, दुई बंगलादेशीका साथै रुस, सिरिया र भारतका एकएक नागरिक पनि संक्रमण भेटिएको छ।

## क्यूभीसी दुई हप्ताका लागि बन्द

**काठमाडौं/मस-** रोजगारीका लागि कतार जाने नेपाली कामदार हरूको स्वास्थ्य परीक्षणलगायत भिसा प्रक्रियाको काम गर्दै आएको नेपालस्थित कतार भिसा सेन्टर दुई हप्ताका लागि बन्द भएको छ।

भिसा सेन्टरका प्रमुख कार्यकारी अधिकृत गौरव क्षेत्रीले आफूलाई सोमबार उक्त जानकारी दिएको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालले जानकारी दिए।

उक्त भिसा सेन्टरले मंगलबार ४ सय जना कामदारको भिसा प्रोसेसिङको लागि अनुमति दिएको भए पनि कार्यालय बन्द हुने भन्दै उनीहरूलाई बाँकी पृष्ठ २ मा

# कोरोनाविरुद्ध ऐक्यबद्धता

**काठमाडौं/मस-** कोरोना भाइरसविरुद्ध नेपालले ऐक्यबद्धता जनाएको छ। छिमेकी देश चीनमा फैलिएको कोरोनाका कारण अहिले विश्वभरी त्रास फैलिएको छ। परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले छिमेकी चीनका राज्य परिषद् सदस्य एवं विदेश मन्त्री वाङ यीलाई टेलिफोन गरी कोरोनाविरुद्ध ऐक्यबद्धता जनाएको हो।



चिनियाँ समकक्षीसँगको फोन वार्तामा कोरोनाविरुद्धको चीनको लडाइमा ऐक्यबद्धता जनाएको परराष्ट्र मन्त्रालयले ट्वीटमार्फत जानकारी दिएको छ। उनीहरुबीच द्विपक्षीय विषयमा पनि छलफल भएको ट्वीटमा उल्लेख छ। साथै चिनियाँ विदेश मन्त्री वाङले प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्य लाभको कामना समेत गरेका छन्।

यसैबीच, कोरोना भाइरस (कोभिड-१९) एक सय भन्दा बढी देशमा फैलिइसकेको छ। समाचार संस्था सीएनएनका अनुसार विश्वका १ लाख ८ हजार बढी मानिसमा कोरोनाको संक्रमण देखिइसकेको छ। चीनबाहिर २७ हजार मानिसमा कोरोनाको संक्रमण पुष्टि भएको छ। कोरोनाकै कारण विश्वभर ३ हजार ८२१ जनाको मृत्यु भइसकेको छ। ६२ हजार ३ सय बढी मानिस कोरोना संक्रमणपछि निको भएका छन्, जुन कुल संक्रमणको ९४ प्रतिशत हो। एक सय बढी देशमा फैलिएको भए पनि २५ देशमा १(१ जना, ८ देशमा २-२ जना ५ देशमा ३-३ जना र अन्य १९ देशमा संक्रमितको संख्या दश भन्दा कम छ। अहिले विश्वभर ४४ हजार बिरामी कोरोनाको उपचारमा छन्। छिमेकी मुलुक भारतमा अहिलेसम्म ४६ जनामा संक्रमण देखिएको छ। यसमध्ये ४ जना निको भएर घर फर्किसकेका छन्। कोरोनाका कारण भारतमा अहिलेसम्म मानवीय क्षति भएको छैन।

चीनमा सबैभन्दा धेरै ३ हजार १२० जनाको मृत्यु भएको छ भने, दोस्रोमा इटलीमा ३ सय ६६ जनाको ज्यान गएको छ। त्यस्तै इरानमा १९४, दक्षिण कोरियामा ५३, फ्रान्समा १९ र अमेरिकामा २२ जनाको मृत्यु भएको छ। स्पेनमा १७, जापानमा ७ बेलायत र नेदरल्याण्ड्स्मा ३-३ जनाको ज्यान गएको छ। विश्वव्यापी बन्दै गएको कोरोना संक्रमण चीनमा भने नियन्त्रणतर्फ गएको छ। आइतबार थप बाँकी पृष्ठ २ मा

आवश्यकता
यस प्रतिष्ठित म्यानपावर कार्यालयको लागि निम्न पदमा अनुभवी कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला।
Documentation Officer's-2 M/F
साउदी सम्बन्धित काम जानेको हुनुपर्नेछ।
Receptionist:- 2 Female
Medical:- Lab Assistant
सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष काम गरेको अनुभव हुनुपर्नेछ।
तलब आपसि सहमतिमा
आर. के. मेनपावर ग्रुप प्रा. लि.
रातोपुल, गौशाला, काठमाडौं, नेपाल

जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# पाँच वर्षदेखि स्वास्थ्य कार्यालयको भवन अलपत्र



**सोलुखुम्बु/रासस–** सम्झौता भएको पाँच वर्ष बिते पनि जिल्ला स्वास्थ्य कार्यालयको निर्माणाधीन भवन अलपत्र परेको छ । ठेकेदार कम्पनीको लापरवाही र निमनकारी निकायको मौनताका कारण उक्त भवन अलपत्र बनेको सर्वसाधारणको आरोप छ ।

विसं २०७१ माघ २० गते दुई वर्षमा निर्माण सक्ने गरी सम्भौता भएको भवन निर्माणको काम अझै २० प्रतिशत बाँकी रहेको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख कर्मचन्द्र राजवंशीको भनाइ छ । उनका अनुसार लामो समयदेखि अलपत्र अवस्थामा छाडिँदा निर्माणाधीन भवनमा प्रयोग गरिएका काठ कुहिएर काम नलाग्ने अवस्थामा पुगिसकेका छन् ।

निर्माणको ठेक्का लिएको निलगिरी निर्माण कम्पनीका प्रमुख युवराज डाँगीले २०७५ सालको असार मसान्तसम्म भवन निर्माणको काम सक्ने बताउँदै आएको भए पनि त्यो बचन पूरा भएको छैन । उक्त कम्पनीले रु दुई करोड ३८ लाख तीन हजार ५३.३२ को लागतमा निर्माणको जिम्मा लिएको थियो । निर्माण सम्पन्न गर्नुको सट्टा भवन अलपत्र अवस्थामामा छाडेर निर्माण व्यवसायी नै बेपत्ता बन्दा कार्यालय सञ्चालनमा समेत समस्या झेल्नुपरेको निमित्त प्रमुख राजवंशीको भनाइ छ ।

निर्माण कम्पनीले समयमा भवन निर्माण गर्न नसकेको खण्डमा कार्यालयले तिर्नुपर्ने भाडासमेत ठेकेदार कम्पनीले बेहोर्नुपर्ने सम्झौतामा उल्लेख गरिएको छ । 'सम्झौता कार्यान्वयन गर्नु त अलग छ, ठेकेदार युवराज डाँगीलाई हामीले फोन गर्दासमेत उठाउँनुहुन्न,' निमित्त प्रमुख राजबंशीले भने, 'अहिले हामीले वार्षिक रु चार लाख भाडा तिरिरहेका छौं, यो राज्यलाई ठूलै घाटा हो ।'

निजी घरमा रहेको हालको कार्यालयमै घरधनीसमेत बस्दा अनेकौं समस्या आउने गरेको उनको भनाइ छ । 'घरबेटी हामीसँगै बस्नुहुन्छ, बिदाको दिन पनि गेट खुला हुन्छ,' उनले भने, 'सुरक्षाको दृष्टिकोणले जोखीम छ ।' यस विषयमा प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयमा पत्र पठाएको भए पनि त्यसको कुनै पनि जवाफ नआएको उनको भनाइ छ ।

नीलगिरि कम्पनीबाट पेटी ठेकेदार स्थानीय बुद्धि मगरले रु एक करोड ७० लाखमा निर्माणको जिम्मा लिएका छन् । पेटी ठेकेदार मगरले समेत काम गरेअनुसार कम्पनीमार्फत भुक्तानी नपाएको गुनासो गरे । नीलगिरि कम्पनीका प्रमुख डाँगीसँग फोन सम्पर्क गर्दा फोन उठेन ।

# नवविवाहित जोडीले मनाए डोम परिवारसँग होली

**सौरभ यादव/मध्यान्ह**
राजविराज, २६ फागुन

चाडपर्वमा गरिने फजुल खर्च तथा तडकभडकलाई चुनौती दिँदै सप्तरीकी एक नवविवाहित जोडीले कथित तल्लो जाति तथा अछुत भनेर हेला गरिँदै आएका डोम परिवारसँग फागु पूर्णिमा मनाएका छन् ।

होलीको पूर्वसन्ध्यामा साँझपख विष्णुपुर गाउँपालिका वडा नं १ स्थित खुरहुरियाकी अन्जु यादवले सप्तरीकै राजगढ गाउँपालिका वडा नं.५ स्थित डोम बस्ती गएर डोम बालबालिकालाई उपहार दिँदै होली मनाएकी हुन् । गत फागुन ७ गते मैथिलीकी चर्चित गायिका समेत रहेकी अन्जुको धनुषा जिल्लाको लक्ष्मीनियाँ गाउँपालिका १ निवासी रामविनय यादवका साथ विवाह भएको थियो । पेशाले चिकित्सक रहेका रामविनयसमेत दलितमा पनि सबैभन्दा अपहेलित डोमहरुसँत होली मनाउन सँगै आएका थिए ।



समाज सेवामा समेत क्रियाशील अन्जुले गत वर्षको विद्यालय भर्ना अभियानका क्रममा सोही डोम बस्तीका तीन बालिकाको अभिभावकत्व ग्रहण गरेकी थिइन् । उनी बालिकाहरुका लागि कापी, पेन्सिल, लुगा, बिस्कुट, चाउचाउसहित विवाहको कोशेली बोकेर पति रामविनयकासाथ डोम बस्ती पुगेकी हुन् । कोसेली वितरण पश्चात उनीहरुले डोम समूदायका मानिसहरुसँग एकापसमा अबिर लगाई होली खेलेका थिए । डोम महिलाहरुले उपहार स्वरुप नवदम्पतिलाई आफैंले बाँसबाट बनाएका एक एक वटा पंखा दिएर उनीहरुको बिदाइ गरेका थिए ।

जातका आधारमा दलितहरु अपहेलित रहनु परेको अवस्थालाई चिर्दै सबै मानिस समान हुन् भन्ने मान्यतामा बल पुऱ्याउनकालागि आफूहरुले डोमहरुसँग होली खेलेको उनीहरुले बताए । तराई मधेशका दलितमा पनि सबैभन्दा अपहेलित डोम जातिको आत्मसम्मान बढाउनमा पनि यो सानो प्रयास रहेको भन्दै दुबै जनाले सामाजिक रुपान्तरणकालागि पनि यस्ता अपहेलितलाई घृणा होइन अन्तर्घुलन आवश्यक रहेको बताए ।

# कर्णालीका २५० छोरीबुहारी पढाउँदै प्रदेश सरकार

**वीरेन्द्रनगर/रासस-** कर्णाली प्रदेश सरकारले २५० छोरीबुहारीलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम प्रभाकारी देखिएको छ । प्रदेश सरकारले अघिल्लो आर्थिक वर्षमा १५० लाई छात्रवृत्ति प्रदान गरेको छ भने चालू आर्थिक वर्षमा १०० लाई छात्रवृत्ति प्रदान गर्ने भएको हो ।




नर्सिङ, एचए, फार्मेसी, ल्याब टेक्निसियन, रेडियोलोजिष्ट, बाली विज्ञान, बागवानी, पशुविज्ञान, इञ्जिनीयरिङ र कम्प्युटर विज्ञानमा डिप्लोमा अध्ययन गर्न प्रदेश सरकारले छात्रवृत्ति प्रदान गरेको हो । कर्णालीका छोरीबुहारीको प्राविधिक शिक्षामा पहुँच बढाउन छात्रवृत्ति प्रदान गर्न लागिएको सामाजिक विकासमन्त्री दल रावलले बताए ।

'डिप्लोमा अध्ययन पूरा गर्दासम्मका लागि प्रदेश सरकारले नियमित छात्रवृत्ति उपलब्ध गराउँछ,' उनले भने, 'अघिल्लो शैक्षिक सत्रका १५० छोरीबुहारीका साथै चालू शैक्षिक सत्रमा थप १०० लाई छात्रवृत्ति प्रदान गर्छौं ।' प्रदेश सरकारले छोरीबुहारी प्राविधिक शिक्षाका लागि चालू आर्थिक वर्षमा रु एक करोड छुट्याएको छ । प्राविधिक शिक्षामा छोरीबुहारीको पहुँच बढाउनुका साथै कर्णालीमा दक्ष प्राविधिक उत्पादन गर्न यो कार्यक्रम प्रभावकारी भएको मन्त्री रावलले बताए ।

उनले भने, 'यसलाई आगामी वर्ष पनि निरन्तरता दिन्छौं ।' अघिल्लो वर्ष छात्रवृत्ति प्राप्त गरेका छोरीबुहारी अहिले विभिन्न कलेजमा पढ्दै गरेका मन्त्री रावलले बताए । अघिल्लो आर्थिक वर्ष प्रदेश सरकारले छोरीबुहारी छात्रवृत्तिका लागि रु एक करोड ३० लाख ३६ हजार १०० छुट्याइएको थियो । अध्ययन सकेपछि छोरीबुहारी प्रदेश सरकारले खटाएको ठाउँमा गएर काम गर्नुपर्ने हुन्छ ।

यसका लागि प्रदेश सरकाले छात्रवृत्ति प्राप्त गरेकासँग लिखित सम्झौता गरेको छ । प्रदेश सरकारले एक जनालाई न्यूनतम रु ६६ हजारदेखि रु एक लाख ३० हजारसम्म छात्रवृत्ति दिन्छ । प्रदेश सरकारले छोरीबुहारीका निम्ति गरेको लगानी प्रभावकारी देखिनुका साथै कर्णालीका छोरीबुहारीको प्राविधिक शिक्षामा पहुँच बढेको मन्त्री रावलको भनाइ छ । कार्यक्रममा सहभागी हुनका लागि सरकारी विद्यालयबाट एसएलसी उत्तीर्ण हुनुपर्ने छ ।

त्यसैगरी कर्णालीको स्थानीय बासिन्दा हो भन्ने स्थानीय तहले सिफारिस गर्नुका साथै प्राविधिक विषय अध्ययनका लागि भर्ना भई नियमित अध्ययनका साथै अन्य कुनै सरकारी छात्रवृत्ति नभएकालाई मात्रै यो कार्यक्रममा समावेश गरिने छ । अनाथ, असाहयका हकमा भने निजी शैक्षिक संस्थाबाट एसइई उत्तीर्ण गरेकाले पनि छात्रवृत्ति पाउनेछन् ।

# मिथिला परिक्रमा सम्पन्न

**धनुषा/मस–** विश्वको लामो धार्मिक यात्राका रुपमा चिनिएको १५ दिवसीय मिथिला परिक्रमा सोमबार जनकपुरको अन्तरगृह परिक्रमा गर्दै सम्पन्न भएको छ । धनुषाको कचुरीस्थित मिथिलाविहारी मन्दिरबाट फागुन १२ गते शुक्ल औँसीका दिन शुरु मिथिला परिक्रमा धनुषा र महोत्तरीसहित भारत, विहारको विभिन्न स्थान घुम्दै आइतबार साँझ जनकपुर आइपुगेको थियो भने सोमबार बिहान जनकपुरको पञ्चकोशी (अन्तरगृह) परिक्रमा गरी यात्रामा सहभागी नेपाल तथा भारतका सम्पूर्ण तीर्थयात्री घर फर्केका छन् ।

सरकारले पर्यटन वर्ष मनाइरहेको बेला मध्यमा परिक्रमाको महत्वलाई राष्ट्रियस्तरमा परिचित गराउन पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले परिक्रमाको शुभारम्भ गरेका थिए । नेपाल र भारतका हजारौं तीर्थालु सहभागी रहेको परिक्रमा थालनीमा दाहालले मिथिलाविहारी मन्दिरबाट रामको डोला उठाएका थिए । उनले उठाएको डोला साधुसन्तले सम्हाल्दै १५ दिवसीय यात्रा प्रारम्भ भएको थियो ।



हिन्दु धर्मको प्रसिद्ध ग्रन्थ 'मिथिला महात्म्य' का अनुसार यो परिक्रमा १८औं शताब्दीदेखि शुरु भएको भन्न सकिन्छ । जनकपुरस्थित सुन्दर सदनका महन्त नवलकिशोर शरणका अनुसार प्राचीन मिथिलाका राजा जनकको दरबार र आसपास क्षेत्रको परिक्रमा गर्दा पुण्यप्राप्ति हुने विश्वास छ । उनले भने, 'मिथिला क्षेत्रका बासिन्दाले मर्नु अघि कम्तीमा एकपटक मध्यमा परिक्रमामा सहभागी हुँदा मरणोपरान्त राम्रो हुने जनविश्वास छ । त्यसैले यो परिक्रमामा वृद्धवृद्धाको सहभागिता बढी हुने गर्दछ ।'

खासगरी रामायणमा वर्णन गरिएबमोजिम राम र सीताले घुमेको प्रसिद्ध धार्मिकस्थलहरूको दर्शन गर्न यो परिक्रमाको थालनी भएको जनकपुरका साधुसन्तहरूको भनाइ छ । हरेक वर्ष फागुन शुक्ल औँसीको दिन शुरु हुने यो परिक्रमा पूर्णिमाको दिन जनकपुरमा अन्तरगृह घुमेर सकिन्छ ।

जनकपुरधामको पिराडी चोक, मिल्स एरिया, भानु चोक, कदम चोक, विषहरा चोक, मुरली चोक, भ्रमरपुरा चोक, ज्ञानकुप हुँदै पुनः पिराडी चोकसम्म आइपुग्दा करिब पाँच किलोमिटर पुग्छ । यो परिक्रमालाई पञ्चकोशी परिक्रमा पनि भनिन्छ । मिथिला मध्यमा परिक्रमामा सहभागी हुन नसक्नेले कम्तीमा अन्तरगृह घुम्नुपर्ने बताइन्छ । जनकपुरको अन्तरगृह परिक्रमा गरेको भोलिपल्ट मात्रै जनकपुरमा होली खेल्ने चलन छ ।

## पर्याप्त...

त्यसको समाधानका लागि पनि सरकारले स्वदेशै उत्पादन गर्न आवश्यक गृहकार्य गरिरहेको उनले जानकारी दिए । मन्त्री भट्टले आफु भाषणमा भन्दा पनि एक्सनमा काम गर्ने हुँदा त्यस्तो समस्या आइहाले तत्काल समाधान गर्नेगरी अघि बढ्ने बताए । 'त्यस्तो अवस्था आइहाले सरकार मुलुकको जुनकुनै कुनामा पनि सेवा, सुविधा र आपूर्ति व्यवस्था सहज गर्न तयार रहेको छ ।' उनले भने 'यस्तो समस्या मुलुकमा भित्रन नदिन अहिले सरकारले ७ वटै प्रदेश र स्थानीय सरकारहरुसँग मिलेर काम गरिरहेको छ ।' कोरोनाविरुद्ध संयमताका लागि सरकारले मुलुकको ३७ वटै नाका र प्रमुख विराटनगर, वीरगञ्ज, भैरहवा लगायतका ७ वटा भन्सार नाकाहरुमा कडाइ गरिएको जानकारी उनले दिए । यता कोरोनाको संक्रमण वढ्ने अवस्था रहे आवश्यकता अनुसार सरकारी भवन र होटलहरुलाई समेत क्वारेन्टटाइनको रुपमा प्रयोग गर्ने गरी सरकारले तयारी गरिरहेको जानकारी दिए ।

आपूर्ति मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले कोरोनाको सन्त्रास र बजार अभावको हल्लामा आमनेपाली संयमित र सचेत हुनुपर्ने बताए । उनले हल्लाको पछि मात्र नलागि बजार र आवश्यकताको महसुस गरी वस्तु तथा सेवाको आवश्यक परिमाणमा मात्र खरिद गर्न र प्रयोग गर्न सर्वसाधारणमा अपील गरे । यसतर्फ सूचना प्रवाहमा सञ्चार माध्यमहरुलाई महत्वपूर्ण भूमिका खेलिदिन पनि सचिव अर्यालले आग्रह गरे ।

## कोरोना...

२३ जनामा मात्रै कोरोना संक्रमण देखिएको छ । नयाँ संक्रमित सबै वुहानमा बसोबास गर्ने नागरिक हुन्। चीनमा कोरोनाका कारण ज्यान गुमाउनेको संख्या पनि घट्दै गएको छ । ४ फेब्ररीमा एकैदिन ३ हजार ८८७ जना नयाँ संक्रमित भेटिएका थिए । जुन हालसम्मको सबैभन्दा बढी हो । २३ जनवरीदेखि वुहान शहर 'लक डाउन' गरिए पनि नयाँ संक्रमण देखिने क्रम कम भएको थिएन। तर, गत हप्तादेखि संक्रमण र मृत्युदर घट्दै गएको छ। कोरोना संक्रमण इटली र इरानमा बढ्दो क्रममा छ। इटलीको उत्तरी क्षेत्रका १ करोड ५० लाख मानिस 'सेल्फ क्वारेन्टाइन' मा बसेका छन् ।

## नेपाल...

कतारले सार्वजनिक गरेको छैन ।

कतारले शनिबार ३ हजार एकसय जनाको स्वास्थ्य परीक्षण गरेकोमा इरानबाट चार्टड गरी ल्याइएका १२ जना कतारीलाई भाइरसको संक्रमण देखिएको थियो । कतार सरकारले सामाजिक सञ्जालमा फैलिने हल्लाको पछाडि नलागी सरकारी निकायबाट जारी हुने सूचनालाई मात्र विश्वास गर्न पनि आग्रह गरेको छ ।

यसैबीच, कोरोनाबाट यूएईमा २ नेपाली कोरोना संक्रमित भएका छन् । दुई नेपालीसहित १४ नयाँ संक्रमित भेटिएको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयकाअनुसार नयाँ संक्रमितमध्ये चार जना यूएईका छन् । यस्तै दुई नेपाली, तीन इटली, दुई बंगलादेशीका साथै रुस, सिरिया र भारतका एकएक नागरिक छन् ।

**नेपाललाई धक्का**

कोरोनाको विश्वव्यापी फैलावटले नेपालको वैदेशिक रोजगार क्षेत्रलाई गम्भीर धक्का लागेको छ । नेपाली कामदारको प्रमुख गन्तव्य कतारले संक्रमणप्रति सतर्कता अपनाउँदै प्रतिबन्ध लगाएपछि मासिक करिब १२ हजार नेपाली रोजगारीमा जाने कतार अनिश्चित बनेको छ । नेपाल राष्ट्र बैकका अनुसार, नेपाल आउने कुल रेमिट्यान्समध्ये कतारबाट आउने रेमिट्यान्सको हिस्सा करिब २६ प्रतिशत छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजितकुमार श्रेष्ठ कतारको निर्णयले नेपाली कामदार र व्यवसायीहरूलाई ठूलो क्षति पुऱ्याएको बताउँछन् । भिसा आइसकेका करिब ४० हजार नेपाली कामदार प्रभावित भएको भन्दै महासचिव श्रेष्ठले भिसा लागेको व्यक्ति ३ महिनाभित्र कतार प्रवेश नगरेमा कालो सूचीमा राख्ने कतारको सरकारी नियमले समस्या पार्ने भएकाले चिन्ता बढेको बताउँछन् । भिसा कालो सूचीमा परेको व्यक्तिले २ वर्षसम्म कतार जान पाउँदैनन् । जटिल परिस्थितिमा भिसा कालो सूचीमा राख्ने व्यवस्थालाई कार्यान्वयन नगर्न आफूहरुले कतारसँग आग्रह गर्ने महासचिव श्रेष्ठले बताए । कतारले प्रतिबन्ध फुकुवा गरेपछि हाल स्थगित भएको भिसामा नेपाली कामदार रोजगारीका लागिकतार जान पाउनु पर्ने संघको धारणा रहेको उनले बताए ।

**के गर्दैछन् अन्य देश**

कतारपछि नेपालीको प्रमुख रोजगार गन्तव्य मुलुकमा पर्छन्- मलेसिया, यूएई, ओमान, कुवेत, दक्षिण कोरियालगायत । यसमध्ये दक्षिण कोरिया कोरोनाको सबैभन्दा बढी चपेटामा परेको छ । पछिल्लो तथ्यांकअनुसार यहाँका ७ हजार ४ सय ७८ मानिस संक्रमित भएका छन् । ५१ जनाको ज्यान गएको छ । यद्यपि, दक्षिण कोरियाले विदेशी कामदारको प्रवेशमा रोक लगाउनेबारे अहिलेसम्म कुनै निर्णय लिएको छैन । बरु नेपाल स्वयंले त्यसतर्फ जान रोक लगाएको छ । स्रोतका अनुसार, नेपाल सरकारको यस्तो कदमप्रति त्यहाँको सरकारले लिखित रूपमै असन्तुष्टि जनाएको छ ।

नेपालीको प्रमुख रोजगार गन्तव्यमध्ये मलेसियाका ९९ जना व्यक्ति कोरोनाबाट संक्रमित भएका छन् । यहाँ अहिलेसम्म कोरोनाकै कारण मृत्यु भने भएको छैन । कतारले कोरोनाको जोखिममा रहेको नागरिकको प्रवेशमा आंशिक प्रतिबन्धको निर्णय लिए पनि मलेसियाले भने अहिलेसम्म यसबारे कुनै कदम चालेको छैन ।

मलेसियापछिको प्रमुख रोजगार गन्तव्य मानिने यूएईमा ५९ र कुवेतमा ६२ जना कोरोना संक्रमित भएको साउथ चाइना मर्निङ पोस्टले जनाएको छ । यीमध्ये कुवेतले भारत, श्रीलंका र बंगलादेशसहित सात देशका कामदार सहित पर्यटकलाई प्रवेशमा रोक लगाउँदा नेपालीलाई भने प्रतिवन्ध लगाएको थिएन । ओमान, यूएईलगायतका देशले नेपालका श्रमिकलाई प्रतिबन्ध लगाउनेबारे यो सामग्री तयार पार्दासम्म कुनै निर्णय लिएका छैनन् ।

**सरकारको नीति पर्ख र हेर**

नेपालीको मुख्य रोजगार गन्तव्य मुलुक कोरोनाको चपेटामा पर्दै गएका छन् । कोरोनोका बढ्दो फैलावटपछि श्रमस्वीकृति रोक्नुपर्ने मत प्रकट भइरहेका छन् ।

सरकारले वैदेशिक रोजगार ीसँगै विदेशयात्रामा नजान सुझाव दिए पनि अहिलेसम्म श्रमस्वीकृति रोक लगाउनेबारे कुनै निर्णय लिएको छैन । केही दिनअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सरोकारवाला बोलाएर छलफल गरेको थियो । जसले तत्काल श्रमस्वीकृति रोक्न नहुने निष्कर्ष निकालेको थियो । नेपालीको प्रमुख रोजगार गन्तव्य मुलुक सचेत रहेकाले उनीहरूको निर्णयलाई पर्खिएर मात्रै थप कदम चाल्नुपर्ने अधिकांशको सुझाव थियो । यस्तो सुझावपछि श्रमस्वीकृति रोक्ने मामलामा मन्त्रालयमा पर्ख र हेरको अवस्थामा पुगेको बताइन्छ ।

# अस्ट्रेलिया पठाउने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं/मस–** अस्ट्रेलिया र दुबई लैजाने भन्दै लाखौं रुपैयाँ ठगी गर्ने २ व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा धनुषाका २४ वर्षीय राजेश साह र कपनका ललित तामाङ छन् । महानगरीय प्रहरी परिसर, काठमाडौंले वैदेशिक रोजगारीका नाममा ठगी गर्ने २ पक्राउ परेको पुष्टि गरेको छ । परिसरका अनुसार साहलाई महानगरीय अपराध अनुसन्धान महाशाखा र तामाङलाई काठमाडौं प्रहरी परिसर, टेकुले पक्राउ गरेको हो । साहले सप्तरी र धनुषाका ३२ जना युवालाई दुबई लैजान्छु भनी ठगी गरेको भेटिएको छ । प्रहरीका अनुसार, ठगिएका युवाहरूले प्रतिव्यक्ति १ लाख ८० हजार रुपैयाँसम्म लिएको बताएका छन् । पक्राउ परेका अर्का व्यक्ति ललित तामाङले भने अस्ट्रेलिया पठाउँछु भनेर प्रतिव्यक्ति ४० लाख रुपैयाँ उठाएको पाइएको छ । पीडितले यसबारे गुनासो गरेपछि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार, दुवै जनामाथि मुलुकी अपराध संहिताको ठगीसम्बन्धी कसुरमा म्याद थप गरेर अनुसन्धान प्रक्रिया अघि बढाइएको छ ।

# कृषि मन्त्रीले बनाए समन्वय संयन्त्र



**काठमाडौं/मस–** कृषि तथा पशुपंछी विकास मन्त्री घनश्याम भुसालले प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीहरु बीच संयन्त्र गठन गरेका छन् । सातै प्रदेशका मन्त्रीहरुलाई राजधानीमा छलफलका लागि बोलाएका मन्त्री भूसालले संयन्त्र गठन गरेका हुन् ।

संघ र प्रदेश सरकारको कार्यक्रममा समन्वय गर्न, योजनामा एकरुपता ल्याउन र स्रोत परिचालनलाई प्रभावकारी बनाउन संयन्त्र गठन भएको कृषि मन्त्रालयका उपसचिव डा.गंगादत्त आचार्यले बताए । आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र योजना निर्माणमा प्रदेशको सुझाव लिन मन्त्री भूसालले सातै प्रदेशका मन्त्री र सचिवलाई प्रि-बजेट समन्वय बैठकमा बोलाएका थिए । बैठकबाट कृषि विकासका लागि संघीय र प्रादेशिक मन्त्रालय बीचको योजना, कार्यक्रम र बजेट निर्माण समन्वयात्मक ढंगले गर्ने, कृषि विकासका योजना र कार्यक्रम कार्यान्वयनमा आवश्यक सहकार्य गर्ने, कृषि क्षेत्रको संरक्षण र विकासका लागि तीनै तहका सरकारहरुबाट प्रदान गरिने सेवा, सुविधा र श्रोत परिचालनमा एक रुपता कायम गर्ने लगायत सहमति भएको छ । बैठकले स्थानीय तहका सरकारसँग पनि कृषि क्षेत्रको कार्यक्रमबारे समन्वय छलफल गर्ने निर्णय गरेको छ ।

# रौतहट टाइम्सले मनायो वार्षिकोत्सव

**काठमाडौं/मस-** राजधानीबाट प्रकाशित हुँदै आएको रौतहट टाइम्स साप्ताहिकले २२ औं वार्षिकोत्सव भव्यताका साथ मनाएको छ ।




नेकपाका वरिष्ठ नेता पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको प्रमुख आतिथ्यतामा आइतबार राजधानीमा एक विशेष कार्यक्रमको आयोजना गरी साप्ताहिकले आफ्नो वार्षिकोत्सव मनाएको हो ।

त्यस अवसरमा पूर्वप्रधानमन्त्री नेपालले समाजका लागि राम्रो कामगर्ने व्यक्तित्वहरूलाई खोजीखोजी सम्मान गर्ने र भविष्यमा राम्रो काम गर्न उत्प्रेरणा दिने साप्ताहिकको कार्यले समाजको अग्रगामी विकासमा सहयोग पुग्ने भन्दै साप्ताहिकका प्रकाशक एवं सम्पादक गोविन्द चौलागाईको मुक्तकण्ठले प्रशसा गरे ।

वर्तमान सरकारले समृद्ध नेपाल, सुखी नेपालीको महत्वकांक्षी कार्यक्रम अगाडि बढाएकाले सरकारको कार्यक्रमलाई सञ्चारजगतले सकारात्मक रूपमा लिनुपर्ने जोड दिँदै पूर्वप्रधानमन्त्री नेपालले सरकारले सही लक्ष्य अगाडि राखेको भएपनि त्यसलाई मूर्तरूप दिन योजना बनाउन नसेकेको विषयमा भने सञ्चारजगतले खबरदारी गर्नुपर्ने सुझाव दिए ।

त्यस अवसरमा पूर्वप्रधानमन्त्री नेपालले सबैलाई उज्यालो दिने नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, सडक विभागका महानिर्देशक इन्जिनियर.केशवकुमार शर्मा र राजधानी दैनिकका कार्यकारी सम्पादक सागर पण्डितलाई साप्ताहिकका तर्फबाट सम्मान गरे ।

त्यसैगरी, साप्ताहिकले केही दिनअघि नेपाल प्रहरीको अतिरिक्त प्रहरी महानिरीक्षक (एआइजी) मा बढुवा भएकी आशा सिंह, सचिव रामकृष्ण सापकोटा, बैंकर्स एशोसियशनका अध्यक्ष भुवन दाहाल,कलाकार कृष्ण रसाइली र साप्ताहिकका संवाददाता कमल रानालाई सम्मान गरेको छ ।

पूर्वप्रधानमन्त्री तथा वरिष्ठ नेता नेपाल प्रमुख अतिथि रहेको कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादव, राष्ट्रियसभाको प्रत्यायोजन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण विडारी, प्रेस काउन्सिल नेपालका का.वा. अध्यक्ष किशोर श्रेष्ठ, नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष राजेन्द्र अर्याल, सम्मानित व्यक्तित्व घिसिङलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

# महिलामाथि जबर्जस्ती करणीको प्रयास

**पाल्पा/मस-** पाल्पाको रामपुर नगरपालिकामा एक महिलामाथि जबर्जस्ती करणीको प्रयास भएको छ । वडा नं ३ स्थित रजघराको सानीअमराई जङ्गलमा जबर्जस्ती करणीको प्रयास भएको हो । आइतबार साँझ जङ्गलबाट अर्धनग्न अवस्थामा रुदै चिच्याउँदै गरेको अवस्थामा २० वर्षीया महिलालाई स्थानीयले उद्धार गरी प्रहरीलाई खबर गरेपछि मात्र घटना बाहिर सार्वजनिक भएको हो ।

सो घटनामा संलग्न वडा नं ३ बस्ने करिब ३३ वर्षीय गणेश पाण्डेयलाई पक्राउ गरी प्रहरीमा बुझाइएको छ । घटनास्थलमा महिलाको भित्री बस्त्र र शुरुवालसमेत फालिदिएको अवस्थामा भेटिएको प्रत्यक्षदर्शी स्थानीय बताउँछन् । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीका अनुसार पीडितले किटानी जाहेरी नदिएकाले कानूनी प्रक्रियामा जान ढिलाइ भएको हो । पीडितले जाहेरी नदिए पनि आरोपित व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दीपेन्द्र जिसीले बताए ।

## कोरोना प्रभाव
# राजधानीमा देखिएन होलीको रौनक



**काठमाडौं/मस–** फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु पूर्णिमा (होली) पर्व राजधानीलगायत हिमाली र पहाडी जिल्लामा अपेक्षाकृत शान्तरूरुपमा मनाइएको छ। विगत वर्षमा फागु पूर्णिमा (होली) मा मानिसको इच्छाविपरीत रङ दल्ने र पानीका लोला हान्ने गरिन्थ्यो । यस वर्ष त्यस्तो काम रोकिएको छ । केही वर्षदेखि नै फागु पूर्णिमामा तडकभडक रोकिँदै आएको थियो। यस वर्ष नेपाल कोरोना भाइरस (कोभिड-१९) को उच्च जोखिममा रहेकाले प्रशासनले शान्तरूपमा पर्व मनाउन आह्वान गरेको थियो । नेपालमा अहिलेसम्म कोरोनाको प्रभाव नदेखिए पनि विश्व स्वास्थ्य सङ्गठनले उच्च जोखिममा राखेकाले सतर्कता अपनाउन प्रशासनले अनुरोध गरेको हो ।

फागु खेल्ने प्रायः बालबालिका थिए। बालबालिकाले पनि विगतमा जस्तो सडकमा हिँड्ने मानिसलाई रङ दल्ने र पानीका लोला हान्ने गरेका थिएनन्। गाडी रिजर्भ गरेर होली खेल्दै हिँड्ने मानिसको भीड नगण्य थियो ।

चिसो नघटेका कारण पानी छ्याप्दा कोरोनाका जीवाणुले असर गर्नसक्ने भएकाले पनि आम मानिस यस वर्ष सचेत भएका देखिन्छन् । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देशका रूपमा फागु मनाउने गरिएको हो ।

विशेषगरी युवतीलाई लोलामा पानी भरेर एक हप्ता अघिदेखि नै छ्यापेर मनोवैज्ञानिकरूपमा बाहिर निस्कन नसक्ने वातावरण बनाइन्थ्यो । यस वर्ष फागु पर्वकै दिन पनि सहजरूपमा हिँडडुल गर्न सकेको थापाथलीस्थित प्रसूति गृहमा बिरामी भेटेर फर्किएकी सुनिता ढुङ्गानाले बताइन् ।

यस पर्वका अवसरमा सोमबार काठमाडौँको वसन्तपुरमा उपस्थित मानिसले वातावरणलाई नै रङ्गीचङ्गी तुल्याउँदै त्यहाँ गाडिएको चीरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउँछन्। उक्त चीरमा राखिएका ध्वजापताकाहरू औषधोपचारको रूपमा काममा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ।

फागुन शुक्ल अष्टमीका दिन फागुन २० गते वसन्तपुरस्थित गद्दी बैठकअगाडि मैलको रुखलाई रङ्गीचङ्गी ध्वजापताकासाथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु शुरु भएको थियो ।

त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैँ भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको मानिन्छ ।

यसैगरी द्वापरयुगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई व्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताए ।

राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ । बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौं रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्व पनि छ ।

# समृद्धि र विकासमा एकताबद्ध हुनुपर्छ : मुख्यमन्त्री गुरुङ




**पोखरा/मस–** गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले मुलुकको समृद्धि र विकासका लागि सबै एकताबद्ध भएर लाग्नुपर्ने बताएका छन् । नेकपा पोखरा २४ ले आज आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा उनले नेकपा नेतृत्वको तीन तहका सरकारले जनताका चाहनालाई सम्बोधन गर्ने गरी अघि बढेकाले समृद्धिको अभियानलाई सबै मिलेर साकार पार्नुपर्ने आवश्यकतामाथि जोड दिए ।

नेपाल कम्युनिष्ट पार्टी गण्डकी प्रदेश इन्चार्जसमेत रहेका मुख्यमन्त्री गुरुङले कम्युनिष्ट पार्टी देशकै सबैभन्दा बढी लोकतान्त्रिक पार्टी भएको बताउँदै कांग्रेसलगायतका अन्य राजनीतिक पार्टीले समेत कम्युनिष्ट पार्टीको सिको गर्नुपर्नेमा जोड दिए ।

छिमेकी राष्ट्रसंगको सम्बन्ध सन्तुलित परराष्ट्र नीतिका आधारमा अघि बढाएको उल्लेख गर्दै उनले मानवअधिकार, आवधिक निर्वाचन र देशभक्तिको विकासमा वर्तमान सरकार प्रतिबद्ध रहेको बताए ।

मुख्यमन्त्री गुरुङले आगामी २५ वर्षभित्रमा प्रदेशको प्रतिव्यक्ति आम्दानी १५ हजार डलर पुऱ्याउने लक्ष्य अनुसार उत्पादन वृद्धि, रोजगारी सिर्जना र प्रकृतिक सम्पदाको अधिकतम उपयोगको नीति प्रदेश सरकारले लिएको स्पष्ट पारे ।

नेकपा गण्डकी प्रदेश कमिटी अध्यक्ष एवं पूर्वमन्त्री हितराज पाण्डेले आवश्यकता, योग्यता र क्षमताका आधारमा कार्यकर्तालाई उचित जिम्मेवारी दिइने बताउँदै पार्टीलाई एकताबद्ध बनाउँदै सरकारले गरेको विकास निर्माणका कामको जनता समक्ष पुऱ्याउन निर्देशन दिए ।

पोखरा २४ का नेपाली कांग्रेस र राप्रपाका विभिन्न जिम्मेवारीमा रहेका ४७ जना कार्यकर्ता सो पार्टी परित्याग गरी नेकपामा प्रवेश गरेका हुन्। नवप्रवेशीलाई मुख्यमन्त्री गुरुङ, अध्यक्ष पाण्डे, प्रदेश कमिटी सचिव गोविन्द नेपाली, पोखरा महानगर प्रमुख मानबहादुर जिसी लगायतले माला र अबीर लगाएर पार्टी प्रवेश गराई स्वागत गरेका थिए । नेकपा पोखरा २४ का अध्यक्ष मनोहर त्रिपाठीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# ‘नवलपरासी कांग्रेसले पूर्णता पायो’

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २६ फागुन



नेपाली कांग्रेसका केन्द्रीय सदस्य देवेन्द्रराज कंडेलले नवलपरासी कांग्रेसले पूर्णता पाएको बताएका छन् । नेपाली कांग्रेस नवलपरासीका सभापति विष्णुप्रसाद पौडेलको पदस्थापना कार्यक्रममा बोल्दै अनुशासन समितिका सदस्य समेत रहेका कंडेलले सो कुरा बताएका हुन् ।

‘गाउँ गाउँमा साथिहरु कसैको झोला बोक्नको लागि राजनीतिक गर्न बसेका छैनन्,‘ कंडेलले भने, ‘जिल्लाको नेतृत्व अन्योल थियो । चाहना सबैको थियो । तर अहिले नवलपरासी जिल्लाले पूर्णता पाएको छ ।’

उनले लोकतान्त्रिक फोरम पार्टीका कार्यकर्ताले दिएको योगदान बिर्सिन नहुने उल्लेख गर्दै विगतका कमजोरी सच्याएर हरेक व्यक्ति अगाडि बढ्नुपर्ने बताए । कंडेलले भने, ‘नेपाली कांग्रेस कुनै प्रा.लि संस्था होइन, यो हरेक कांग्रेसजनको आस्थाको पार्टी हो, जसले आफ्नो अग्रजलाई सम्मान गर्न जान्दैन ऊ अगाडि बढ्दैन ।‘

नेपाली कांग्रेस समावेशी पार्टी भएको र यसले हरेक वर्ग र समुदायलाई लिएर अगाडि बढ्ने उल्लेख गर्दै कांग्रेस केन्द्रीय सदस्य कंडेलले नेतृत्वमा आउन चाहनेले नेताहरुका चाकडी गर्नु भन्दा मतदाताहरुको मन जित्ने काम गर्न सल्लाह दिए ।

‘यदि व्यक्तिमा क्षमता छ भने कुनै वर्ग समुदायले अगाडि बढ्नबाट रोक्न सक्दैन, कंडेलले भने, ’नेताको चाकडी नगर्नुहोस्, तपाईं आफ्नो मतदातामा प्रिय बन्नुहोस् ।’ कंडेलले जिल्ला सभापति पौडेललाई सफल कार्यकालको शुभकामना सहित पार्टी बलियो बनाएर कार्यकर्तालाई एक ढिक्कामा समेटेर अगाडि बढ्न समेत सुझाव दिए ।

पदस्थापना कार्यक्रममा, प्रदेश सभा सदस्य बैजनाथ जैसवाल, जिल्ला समन्वय समिति शिवसंकर राय, महासमिति सदस्य अनिल कुमार गौड, राजकुमार शर्मा, लाल बहादुर गुरुङ, नेपाल महिला संघ सभापति कमला तिवारी, नेपाल पत्रकार महासंघ जिल्ला अध्यक्ष हरि शर्माको उपस्थिति रहेको थियो ।

त्यस्तै कार्यक्रममा नेपाल प्रेस युनियन जिल्ला सभापति पुरुषोत्तम सुवेदी, नेपाली कांग्रेस जिल्ला सचिव गजानन्द पटेल, रामग्राम नगर सभापति श्रीधर बस्याल, पाल्हिनन्दन इकाई सभापति हरिहर चौहान, अधिवक्ता अनिता शर्मा लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा उपस्थित सबैले पार्टिको हितको लागि एक भएर अगाडि बढ्ने धारणाका साथ सभापति पौडेलको सफल कार्यकालको शुभकामना दिएका थिए । उक्त कार्यक्रम जिल्ला सहसभापति सुबासचन्द्र गिरीको अध्यक्षतामा सम्पन्न भएको हो ।

# कालिकोटमा युवा परिषद् भेला सम्पन्न



**कर्ण कुमाल/मध्यान्ह**
कालिकोट, २६ फागुन

कालिकोट जिल्लामा नेपाल युवा परिषद्को पहिलो भेला सम्पन्न भएको छ । मर्मता अधिकारीको अध्यक्षतामा परिषद्को पहिलो भेला सम्पन्न भएको हो । पलाता गाउँपालिका अध्यक्ष लक्ष्मण बहादुर बमको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रदेश युवा परिषद्का संयोजक ईन्द्रजित सुनार विशेष अतिथि रहेको थिए । कार्यक्रममा बोल्दै अध्यक्ष बमले सामाज विकासमा युवाहरुको सहभागिता जरुरी रहेको बताए । अध्यक्ष बमले युवाको सहभागिता विना समाज रुपान्तरणको परिकल्पना पनि गर्न नसकिने बताए। नेपाल युवा परिषदले दिएको सरकुलर अनुसार कालिकोट मान्ममा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

# ‘स्मार्ट लाइसेन्स’ वितरण गरिँदै




**अत्तरीया/मस–** लामो समयदेखि वितरणमा ढिलाइ भइरहेको ‘स्मार्ट ड्राइभिङ लाइसेन्स’ वितरण शुरु गरिएको छ । कागजी लाइसेन्स हटाएर देशव्यापीरुपमा स्मार्ट लाइसेन्सको वितरण थालेपछि माग र छपाइको सन्तुलन नमिल्दा सेवाग्राहीले समयमै स्मार्ट लाइसेन्स पाउन सकेका थिएनन् ।

यातायात व्यवस्था विभागमै कार्ड छपाइ शुरु भएसँगै सेवाग्राहीले धमाधम स्मार्ट लाइसेन्स पाइरहेका छन्। यातायात व्यवस्था कार्यालय धनगढीले मात्रै हालसम्म २५ हजार स्मार्ट लाइसेन्स वितरण गरिसकेको जनाएको छ। यातायात व्यवस्था विभागले २०७४ सालदेखि लाइसेन्सको स्मार्ट कार्ड वितरण गर्न शुरु गरेको थियो । कागजी लाइसेन्स हटाएर नयाँ व्यस्था शुरु भएसँगै स्मार्ट कार्डको लागि लाखौं सेवाग्राहीले आवेदन दिएका थिए । यातायात व्यवस्था कार्यालय धनगढीमा मात्रै एक लाखको हाराहारीमा आवेदन परेका जनाइएको छ । लाइसेन्सको माग र छपाइको सन्तुलन नमिल्दा सेवाग्राहीले आवेदन दिएको दुई वर्षसम्म स्मार्ट लाइसेन्स पाउन सकेका थिएनन् ।

स्मार्ट लाइसेन्स वितरणमा ढिलाइ हुँदा आजित बनेका सेवाग्राही पनि अहिले भने यातायात व्यवस्था कार्यालय धाउन थालेका छन् । स्मार्ट लाइसेन्स वितरण भइरहेको जानकारी पाएपछि सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाबाट पनि यातायात व्यवस्था कार्यालय पुग्ने गरेका छन् । अब स्मार्ट लाइसेन्स हातमा परेपछि ट्राफिक झन्झट र दुर्घटनाको जोखिमबाट राहत पाइने सेवाग्राही प्रेम बोहराले बताए ।

यातायात व्यवस्था कार्यालयमा मात्रै हाल विभागले ३५ हजार स्मार्ट लाइसेन्स वितरणका लागि पठाएको छ । जसमध्ये हालसम्म २५ हजार बढी वितरण भइसकेका छन्। बाँकी आवेदनका आधारमा लाइसेन्स छपाइको काम भइरहेको यातायात व्यवस्था कार्यालयले जनाएको छ । विभागले आफैँ कार्ड छाप्न शुरु गरिसकेपछि हाल स्मार्ट लाइसेन्स वितरणले गति लिएको यातायात व्यवस्था कार्यालयका प्रमुख लक्ष्मण शाहले जानकारी दिए ।

आधुनिक प्रविधि, उत्कृष्ट गुणस्तर, नक्कली छाप्न नमिल्ने, आगोले नजल्ने, अक्षर नमेटिने, सेवाग्राहीमैत्री र इ-गभर्ननेन्स लागू गर्न स्मार्ट लाइसेन्स सहयोगी हुने अपेक्षा गरिएको छ । विगतमा वितरणमा ढिलाइ देखिए पनि अब भने यातायात व्यवस्था विभागले आफैँ छपाइ शुरु गरेसँगै वितरणमा केही सहजता देखिएको छ ।

# छुट्टाछुट्टै दुर्घटनामा एकको मृत्यु , ११ घाइते

**चितवन/मस–** ट्रकको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । पुलचोकबाट लायन्सचोकतर्फ आउँदै गरेको बा१ख ९८५९ नंको मिनीट्रकले आइतबार राति ठक्कर दिँदा पैदलयात्री नवलपुर कावासोती नगरपालिका-१७ का अन्दाजी ५० वर्षीय ठाकुर पौडेलको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। ठक्कर दिने ट्रक र चालक प्रहरी नियन्त्रणमा छन् । यस्तै नारायणगढ-मुग्लिन सडकखण्डमा बिग्रिएको ट्रकमा बस ठक्कर खाँदा ११ जना घाइते भएका छन् । सोही कार्यालयले दिएको जानकारीअनुसार भरतपुर महानगरपालिका-२९ सिमलतालमा बिग्रिएर रोकिराखेको ना५ख ९६२२ नंको ट्रकमा कटारीबाट काठमाडौंतर्फ जाँदै गरेको ना६ख १५९२ नंको बस सोमबार बिहान ठक्कर खाएको थियो ।

ठक्करबाट बसमा सवार ३१ जना मध्ये १० र ट्रकका चालक गरी ११ घाइते भएको कार्यालयका प्रवक्ता एकनारायण कोइरालाले जानकारी दिए। घाइतेमध्ये पाँचको चितवन मेडिकल कलेज र छ जनाको पुरानो मेडिकल कलेजमा उपचार भइरहेको छ। ठक्कर खाने बस र ट्रक प्रहरीको नियन्त्रणमा रहेको र घाइते सबैको अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ ।

**गैडाको आक्रमणबाट गम्भीर**

गैँडाको आक्रमणबाट माडी नगरपालिका-९ की भोजकुमारी विक घाइते भएकी छन् । इलाका प्रहरी कार्यालय माडीले विकलाई भैँसी चराउन जाने क्रममा घाँगरखोलामा गैँडाले सोमबार बिहान आक्रमण गरेको प्रहरीले जनाएको छ। गैँडाको आक्रमणबाट गम्भीर घाइते विकको बघौडा अस्पतालमा उपचार भइरहेको छ ।

# ग्रामीण विकासबाट मात्र मुलुक समृद्ध हुन्छ : मन्त्री फुयाँल

**हेटौंडा/मस-** वाग्मती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयाँलले ग्रामीण विकासबाट मात्र मुलुक समृद्ध हुने बताएका छन् । मकवानपुरको विकट मानिने राक्सिराङ तथा कैलाश गाउँपालिकाको वस्तुस्थितिको स्थलगत अवलोकन गर्न त्यहाँ पुगेका मन्त्री फुयाँलले स्थानीयवासीसँगको छलफलमा भने, ‘हाम्रो उद्देश्य वस्तुवादी योजनासहित जनतालाई धनी तथा सुखी बनाउने र गाउँको विकास गरेर देशलाई समृद्ध बनाउने हो ।’

‘प्रदेशको सबैभन्दा विकट राक्सिराङ र कैलाश गाउँपालिका हो, तर अब यसलाई सुगम बनाउन प्रदेश सरकार लागि पर्छ,’ उनले भने, ‘सडक सञ्जालका



हिसाबले मात्र पछाडि परेको यो क्षेत्रलाई प्रदेशको सुविधासम्पन्न, पर्यटकीय तथा आकर्षक स्थलको रुपमा विकास गर्ने योजना सरकारको छ ।’

प्रदेशसभा सदस्य ओमबहादुर ग्लानले मनहरिबाट राक्सिराङ, कैलाश र धादिङ हुँदै नुवाकोट र रसुवासमेत जोड्न सके यस क्षेत्रका नागरिकलाई प्रदेशको राजधानी हेटौंडा आउन सजिलो हुने बताए । मनहरि गाउँपालिकाका अध्यक्ष एकराज उप्रती, राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल, कैलाश गाउँपालिकाका अध्यक्ष टंक मोक्तानलगायतले यस क्षेत्रको दिगो विकासतर्फ सरकार गम्भीर हुनुपर्नेमा जोड दिए ।

# तरुण दलद्वारा कालोबजारी रोक्न माग

**काठमाडौं/मस-** नेपाल तरुण दलले कारोना भाइरसको सम्भावित सङ्क्रमणलाई लिएर बजारमा दैनिक उपभोग्य बस्तु, खाद्यान्न, ग्यास, माक्स, औषधिलगायत अत्यावश्यक सामग्रीको अभाव र कालोबजारी देखिन थालेको जनाउँदै नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराएको छ ।

अध्यक्ष जितजङ्ग बस्नेतले एक विज्ञप्तिमार्फत कालोबजारी र कृत्रिम अभावको निगरानी गर्न तरुण दल केन्द्रीय समिति र सम्पूर्ण सदस्यलाई निर्देशन समेत दिएका छन् । छिमेकी मुलुक चीनबाट शुरु भएर विश्वका विभिन्न मुलुकमा माहामारीका रुपमा फैलिरहेको कोरोना भाइरसको सम्भावित जोखिमलाई मध्यनजर गरी सजग रहन तरुण दलले सबैमा आह्वान गरेको छ ।

एक अर्कासँग भेट हुँदा, हार्दिकता साटासाट गर्दा हात नमिलाउन र नमस्कार भनेर सम्बोधन गर्न आग्रह गर्दै उनले विद्यालय विश्वविद्यालय जस्ता समूहमा बसेर अध्ययन अध्यापन हुने ठाउँमा विशेष सावधानी अपनाउन अनुरोध गरेका छन् । एक अर्कामा रङ्ग लगाई सद्भाव साटासाट गर्दै मनाइनेले होली पर्वमा विगतका वर्ष जस्तो ठूला भिडभाड हुने र साङ्गितिक कार्यक्रम यो वर्ष आयोजना नगर्न नगराउन विभिन्न तहका तरुण दलका समितिलाई विज्ञप्तिमार्फत अनुरोध गरिएको छ ।

अध्यक्ष बस्नेतले कोरोना भाइरसबारे आम मानिसमा देखिएको त्रासलाई न्यूनीकरण गर्न, सम्बन्धित निकायबाट जारी गरेका आधिकारिक धारणा जानकारी गराएर समाजमा सचेतना फैलाउनेमा कार्यमा लाग्न सम्पूर्ण तरुणमा आग्रह गरेका छन्।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# सतर्कता बढाऔं

उत्तरी छिमेकी मुलुक चीनको हुपेई प्रान्तको वुहान शहरमा गएको डिसेम्बरमा देखिएको कोरोना भाइरस (कोविड–१९) को प्रकोप विश्वभर फैलिएको छ । तीन महिनामा विश्वका झण्डै सय देशमा फैलिएको कोरोना भाइरसबाट चार हजारको हाराहारीमा मृत्यु भइसकेको छ भने संक्रमितको संख्या लाख नाघेको छ । चीनबाट फैलिएको कोरोना मध्य पूर्व, यूरोप हुँदै अमेरिका पुगिसकेको छ । चीनमा संक्रमणको दर रोक्न जनयुद्धकै घोषणा गरिएको छ भने अमेरिकामा पनि कोरोनाको संक्रमण देखिसकेको छ । यूरोपका देशहरूमा कोरोना डरलाग्दो गरी फैलिएको छ । विशेषगरी इटाली लगायत देशमा कोरोनाको प्रकोप तीव्र बनेको छ ।

कोरोनाको संक्रमण देखिए पछि कतारले नेपाल सहित १४ मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गरेको छ । कतार नेपालको एक प्रमुख श्रम गन्तव्य मुलुक हो । यसको सोझो असर नेपाललाई पर्नेछ । कतारले नेपालीलाई प्रवेशमा रोक लगाएको भन्दा पनि नेपालमा कोरोनाको संक्रमण रोक्नु चाहिँ बढी महत्व हुनेछ । किनभने, विकसित मुलुकहरूलाई समेत यो भाइरसबाट बच्न कठिन भइरहेका बेला नेपालमा कोरोना भाइरसको संक्रमण देखिए नियन्त्रण सजिलो हुने छैन । किनभने, विकासको तीव्र गति लिइरहेको चीन र यूरोपियन मुलुकहरूलाई समेत हम्मे–हम्मे बनाइरहेको र चार हजार बढी नागरिकको ज्यान लिइसकेको कोरोना भाइरसको संक्रमणबाट नेपालीलाई जोगाउन कठिन पर्नेछ ।

नेपाल सरकारले पनि पहलकदमी भने लिइरहेकै देखिन्छ । सरकारको निर्देशन पछि यो वर्षको होली समेत बिनौ रौनक मनाइएको छ । सीमा नाकाहरूमा चेकजाँच थालिएको छिटफुट खबर आइरहेकै छ । प्रदेश सरकार र स्थानीय सरकारले विभिन्न निर्णय गरिरहेको खबर सार्वजनिक भइरहेको छ । ठुलो जमघटका कार्यक्रम रोक्न सरकारले निर्देशन जारी गरिसकेको छ । त्यसैअनुसार, दलहरूले आफ्नो सभासमारोह रोकेको छ भने खेलकुदका गतिविधि पनि स्थगित गरिएको छ । मास्क लगाउन, हात नमिलाउन, अत्यावश्यक बाहेकका काममा घरबाहिर ननिस्कन समेत सरकारले आग्रह गरिरहेको छ ।


प्रतिनिधिसभा तथा प्रदेशसभामा कोरोना भाइरसबारे छलफल चलिरहेको छ । जरूरी सार्वजनिक महत्वको प्रस्ताव पेश भएको छ । तर, यति ठूलो संकटबाट बच्न सरकारले एकीकृत योजना भने लागू गर्न सकेको छैन । स्थानीय सरकारले आफुखुशी निर्णय लिइरहेका छन् भने कोरोना भाइरसलाई देखाएर कालोबजारी मौलाएको छ । अतः विश्वब्यापी संकट बन्दै गएको कोरोना भाइरसबाट मुलुकलाई जोगाउन सरकारले एकीकृत योजना र कार्यक्रम सार्वजनिक गर्न ढिलाई गर्न हुन्न ।

## सामाजिक सञ्जाल



'बहुसंख्यक जनताको आस्था, विश्वास र मान्यतालाई संवैधानिक रूपमा सम्मान गरेनौँ र भोटको राजनीतिकालागि केबल अल्संङ्ख्यकलाई रिझाउने र बहुसंख्यकलाई चिढाउने काम मात्र गर्यौं भने त्यसले अन्ततः सामाजिक सद्भाव र एकता खलबलिन्छ'

**- कमल थापा**




उता कुमार घैँटे,दीपक मानङे र हरिप तोरीको एकता,यता शाही कमारा त्रय पस्पति राजा,डा.प्रकाशशून्य लोहनी र मान्यवर कमले मण्डलेको एकता!हैट्, हैट्, हैट्!!

**– खगेन्द्र संग्रौला**



पशुपति–लोहनी–कमल थापाहरूको पुस्तापछि राप्रपा रहला कि नरहला ? नेतृत्वमा आउनसक्ने उम्दा युवा पुस्ता त त्यति देखिएको छैन !

**– बिपेन्द्र**



सर्वसाधारणले यो पनि बुझ्नु आवश्यक छ कि सरसफाइ आफ्नो मात्र भएर हुँदैन, भाइरसबाट बच्नु छ भने दोस्रो तेस्रो व्यक्ती पनि उति नै सुरक्षित हुनु जरूरी छ जति तपाईं! तपाईंको चारमहिनाको आवश्यकता पूर्ति हुँदैगर्दा कसैले त्यती नै अवधी अभावमा काट्न बाध्य हुन सक्छन्। समानुभूतिको विकास गरौं!

**– श्री**



ए सरकार
मैले नबुझेको कुरो
एक ताका तेलको हाउ १४५ डलर प्रती ब्यारेल थियो र त्यतिबेला रू ९० मा पेट्रोल पाइन्थ्यो । अहिले तेलको भाउ ३० डलर प्रती ब्यारेल छ तर पेट्रोल रू १०६ मा किन्नु परिराछ । ३० डलर र १४५ डलर बिचको पैसा कता गयो ?

**– विश्वर सिंह मेवाहाङ**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# भविष्यका लागि लगानी



■ रत्न प्रजापति

> नेपालले संयुक्त राष्ट्रसंघको 'बालअधिकारसम्बन्धी महासन्धि १९८९' लाई अनुमोदन गरेको छ । उक्त महासन्धिले बालबालिका तथा किशोरकिशोरीका आधार भूत आवश्यकताहरूलाई आर्थिक र सामाजिक तथा मौलिक अधिकारका रूपमा अनुमोदन गरेको छ ।

लगानी भन्नासाथ आर्थिक क्षेत्रमा गरिने लगानी भनेर बुझ्ने गरिन्छ । कृषि, उद्योग, जलविद्युत्, पर्यटन, पूर्वाधार आदि विविध क्षेत्रमा गर्नुपर्ने र गरिने लगानीका बारेमा निकै महत्वका साथ चर्चा हुने गर्छन् । उत्पादन र आर्थिक वृद्धिदरमा प्रत्यक्ष योगदान गर्ने हुँदा सीधै अर्थतन्त्रसँग सरोकार राख्ने क्षेत्रमा गरिने लगानीलाई अत्यन्तै महत्वका साथ हेर्ने गरिन्छ । यसो भनेर सामाजिक क्षेत्रमा गरिने लगानीलाई उपेक्षा गर्नुचाहिँ उचित होइन है । सामाजिक क्षेत्रमा गरिने लगानीले पनि अन्ततोगत्वा आर्थिक वृद्धिदरमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गरेकै हुन्छ । अतः सामाजिक क्षेत्रमा गरिने लगानीलाई उत्तिकै महत्वका साथ हेरिनु आवश्यक छ । तत्कालीन प्रतिफलका लागि आर्थिक क्षेत्रमा लगानी गर्नु जति आवश्यक छ, भविष्यका लागि लगानी गर्नु पनि उति नै आवश्यक छ भन्ने यथार्थलाई मनन गर्नु जरुरी छ ।

सामाजिक क्षेत्रमा गरिने लगानीको कुरा गर्दा बालबालिकामा गरिने लगानीलाई विशेष महत्वका साथ हेर्नुपर्ने हुन्छ । किनभने बालबालिका भनेका देशका भविष्य हुन् । त्यसैले बालबालिकामा लगानी गर्नु भनेको देशको भविष्यका लागि लगानी गर्नु हो । अहिलेका बालबालिकामा गरिने लगानीले नै देशको भविष्य निर्धारण गर्छ । आर्थिक क्षेत्रमा गरिने लगानीले तत्काल प्रतिफल दिन्छ भने बालबालिकामा गरिने लगानीको प्रतिफल भविष्यमा प्राप्त हुन्छ ।

गत माघ १ गते राष्ट्रपति निवासमा भएको ' बालबालिकासँग राष्ट्रपति' नामक भेटघाट कार्यक्रममा बोल्दै राष्ट्रपति विद्यादेवी भण्डारीले 'आजका बालबालिका भोलिका जिम्मेवार नागरिक हुन् । शिक्षा, स्वास्थ्यलगायत अधिकार सुनिश्चित गर्दै बालबालिकालाई भोलिका असल नागरिक बनाउन उनीहरूमा धेरै लगानी गर्नुपर्छ' भन्नुभयो । वास्तवमै देशको भविष्य आजका बालबालिकामै निर्भर छ । आजका बालबालिका जसरी हुर्किन्छन् र बढ्छन्, देशको भविष्य त्यसमै निर्भर गर्छ । त्यसैले बालबालिकामा धेरै लगानी गर्नुपर्छ भन्ने राष्ट्रपतिको भनाइ सान्दर्भिक, दूरदर्शी र महत्वपूर्ण लाग्छ ।

बालबालिकाको भविष्यसँग घर, परिवार, समाज र देशको पनि भविष्य जाडिएको हुन्छ । बालबालिकामा गरिने लगानीले नै देश र जनताको भविष्य सुनौलो बन्छ । बालबालिका घर, परिवार, समाज र देशकै पनि कर्णाधार हुन् । त्यसैले बालबालिकालाई शिक्षित, सभ्य र योग्य बनाउनका लागि उनीहरूमाथि उचित लगानी गर्नुपर्छ । पछिल्लो जनगणनाअनुसार अहिले नेपालको कुल जनसंख्यामा ३४.९ प्रतिशत १४ वर्षमुनिका र ३९.८ प्रतिशत १६ वर्षमुनिका बालबालिका रहेका छन् ।

विश्वव्यापी रूपमा भएको स्वास्थ्य शिक्षा र सेवाको विकास तथा विस्तारले बालमृत्युदरमा कमी र औसत आयुमा वृद्धि भएको छ । नेपालमा पनि स्वास्थ्य शिक्षा र सेवामा भएको विकास र विस्तारसँगसँगै ग्रामीणस्तरमै पनि स्वास्थ्य शिक्षाको चेतनाको विस्तारले गर्दा बालमृत्युदर घटेको छ भने मानिसको औसत आयुमा वृद्धि भएको छ । सरकारी तथ्यांकअनुसार अहिले नेपालमा बालमृत्युदर ३९ प्रति हजार र औसत आयु ६६.६ वर्ष रहेको छ । नेपालमा छिटोछिटो भएको जनसांख्यिक परिवर्तनले सन् २०२८ सम्ममा नेपाल 'ढल्दो उमेरको समाज' र सन् २०५४ सम्ममा 'वृद्ध समाज' बन्ने प्रक्षेपण गरिएको छ । अहिलेका बालबालिका युवा र वयस्क हुने समयमा उनीहरूले ज्येष्ठ नागरिकको सेवा गर्दै समाजको र देशको पनि विकास गर्न सक्षम बनाउन र उनीहरूको उत्पादकत्व बढाउनका लागि अहिले नै आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी उनीहरूमाथि उचित लगानी गर्नु आवश्यक हुन्छ । यसका लागि बालबालिकाको जिम्मेवारी बाकेको मन्त्रालय र सम्बन्धित निकायले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ ।

अहिलेका बालबालिका नै भोलिका डाक्टर, इन्जिनियर, वकिल, प्रशासक, प्राध्यापक, प्राज्ञ र प्राविधिक बन्ने हुन् । देश चलाउन र देशलाई समृद्ध बनाउन आवश्यक पर्ने यस्ता जनशक्ति अहिलेका बालबालिकाबाटै तयार हुने हुन् । यिनै जनशक्तिले देशको चौतर्फी विकासमा टेवा पुऱ्याउने हुन् । भविष्यमा यस्तो जनशक्ति तयार पार्न अहिले नै बालबालिकामा लगानी गर्नुपर्छ । अहिलेका बालबालिकालाई घर, परिवार, समाज र देशले असल मार्गदर्शन गर्न सकेन र तिनले जिन्दगीको बाटो हराए वा बाटो बिराए भने तिनले भविष्यमा देशका लागि केही गर्न सक्दैनन् । बरु ती आफैं देशका लागि आर्थिक भार मात्रै बन्छन् । यो यथार्थलाई मनन गर्न सकिएन भने देशको भविष्य अन्धकार हुनेछ ।

बालबालिकामा लगानी गर्नु भनेको मानव पुँजीमा लगानी गर्नु हो । भविष्यका लागि लगानी गर्नु हो । घर, परिवार, समाज र देशको भविष्य उज्ज्वल बनाउन अहिले नै बालबालिकाको शिक्षा र स्वास्थ्यमा लगानी गर्नुपर्छ । बालबालिकामा लगानी गर्नु भनेको आर्थिक लगानीमात्रै होइन । उनीहरूको हेरचाह, सिकाइ र सामाजिकीकरणमा ध्यान दिनु पनि लगानी नै हो । बालबालिकामा लगानी गरियो भने उनीहरूले राम्रोसँग हुर्कने, सिक्ने र योग्य मान्छे बन्ने अवसर पाउँछन् । त्यसैले अहिले बालबालिकामा गरिएको लगानीले भविष्यमा राम्रो प्रतिफल दिन्छ । यस्तो लगानीले बालबालिकाको भविष्य सुरक्षित हुन्छ भने देशकै भविष्य पनि सुरक्षित हुन्छ ।

नेपालले संयुक्त राष्ट्रसंघको 'बालअधिकारसम्बन्धी महासन्धि १९८९' लाई अनुमोदन गरेको छ । उक्त महासन्धिले बालबालिका तथा किशोरकिशोरीका आधारभूत आवश्यकताहरूलाई आर्थिक र सामाजिक तथा मौलिक अधिकारका रूपमा अनुमोदन गरेको छ । साथै राज्य तथा सरकारले यी अधिकारहरूलाई स्रोत र साधनले उपलब्ध भएसम्म सुनिश्चित गर्नुपर्ने भनी स्थापित पनि गरेको छ । यसैगरी नेपालको संविधान २०७२ को धारा ३९(२) मा 'प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ' भन्ने उल्लेख गरिएको छ भने धारा ३९(३) 'प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ' भन्ने उल्लेख गरिएको छ । बालविकासको कुरा गर्दा लगानीको कुरा स्वतः जोडिएर आउँछ । तर नेपालमा बालविकासका लागि राज्यले उचित बजेटको प्रबन्ध भने गर्न सकेको छैन । चालू आर्थिक वर्ष २०७६/७७ मा कुल राष्ट्रिय बजेट रु. १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाखमध्ये महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय शीर्षकमा जम्मा रु. ७८ करोड ५ लाखमात्रै विनियोजन गरिएको छ, जुन कुल राष्ट्रिय बजेटको ०.०५ प्रतिशतमात्रै हो । यति न्यून बजेट विनियोजन गरेर महिला, बालबालिका तथा ज्येष्ठ नागरिक कसको कति हित र विकास गर्न सकिन्छ ? सोचनीय छ ।

नेपालमा बालअधिकारको सुनिश्चितता गर्दै बालबालिकाको हितमा कार्य गर्न बालबालिकासम्बन्धी ऐन २०७५ को तर्जुमा गरिएको छ । ऐनको परिच्छेद २ मा 'बालबालिकाको अधिकार' शीर्षकमा विभिन्न १५ थरी अधिकारहरूको सुनिश्चितता गरिएको छ । ऐनमा बालबालिकाप्रति घरपरिवार र राज्यको दायित्वका बारेमा पनि उल्लेख गरिएको छ । यसैगरी बालअधिकार तथा बालकल्याण सम्बन्धी संस्थागत व्यवस्था पनि गरिएको छ । ऐनमा गरिएको यस्तो व्यवस्थाले बालअधिकार सुनिश्चित गर्दै बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुग्ने विश्वास गरिएको छ ।

युनिसेफले बालबालिकाहरूको मस्तिष्कको विकास सुरुवाती वर्षहरूमा तीव्रगतिमा हुने तथ्य प्रमाणित छ भन्दै प्रारम्भिक बालविकासका गुणस्तरीय कार्यक्रमहरूमा लगानी गरिने हरेक १ अमेरिकी डलरले भविष्यमा ६ देखि १७ गुणासम्म प्रतिफल दिने उल्लेख गरेको छ । यसकारण पनि बालबालिकामा लगानी गर्नु आवश्यक छ । लगानीको अर्थ पैसा खर्च गर्नु मात्रै होइन, उनीहरूको हेरचाह, शिक्षा र स्वास्थ्यको विकासमा ध्यान दिनु पनि हो । बालबालिका स्वस्थ, शिक्षित र सभ्य भए भने असल नागरिक बन्नेछन् । असल नागरिकले नै देशको सुख, शान्ति र समृद्धिमा योगदान गर्न सक्छन् ।

गर्भाधानदेखि दुई वर्षसम्मको समयावधि अर्थात् बालबालिकाको सुरुका १ हजार दिनहरूमा दिइने उचित हेरचाह र पोषणले उनीहरूको हुर्कने, सिक्ने र गरिबीबाट उम्किनसक्ने क्षमतामा ठूलो प्रभाव पार्छ । परिवार, समुदाय र देशकै गरिबीको चक्र भङ्ग गर्न पनि यसले सहयोग गर्नुका साथै समाजको दीर्घकालीन स्वास्थ्य, स्थिरता र समृद्धिमा पनि प्रभाव पार्छ भन्दै युनिसेफले बालबालिकामा लगानी बढाउनुपर्ने आवश्यकतामा जोड दिँदै आएको छ ।

बालबालिकामा लगानी गर्नुको अर्थ उनीहरूलाई पैसा कमाउन सक्ने बनाउनु मात्रै होइन । उनीहरूको चारित्रिक र नैतिक विकासमा पनि ध्यान दिनुपर्छ । संसार नै भौतिक सुखको पछि दौडेको अवस्थामा मानवीयता संकटमा पर्न थालेको छ । पैसाकै पछि लाग्नाले हुर्केका छोराछोरीले बूढा भएका बाबुआमालाई नहेर्ने प्रवृत्ति बढेको छ । बूढा बाबुआमाको पालनपोषणका लागि पनि कानुनले नै बाध्य पार्नुपर्ने अवस्था सिर्जना भएको छ । यस्तो अवस्था सिर्जना हुनु राम्रो होइन । बालबालिकाको नैतिक शिक्षामा लगानी गर्ने हो भने उनीहरूमा घर, परिवार, समाज र देशप्रतिको उत्तरदायित्वबोध गराउन सहज हुनेछ ।

ज्ञानविज्ञानको क्षेत्रमा हरेक दिन नयाँ-नयाँ आविष्कार भइरहेका छन् । यस्तो आविष्कारलाई जीवनमा आत्मसात् गर्न सकेमात्रै हाम्रो जीवन सहज, सुखी र समृद्ध बन्छ । अनि हामी सक्षम नागरिक बन्न सक्छौं । यसका लागि सर्वप्रथम समयअनुकूलको शिक्षा आवश्यक पर्छ । बालबालिकालाई यस्तो शिक्षा प्रदान गर्न राज्यले उचित लगानी गर्नुपर्छ । अहिले बालबालिकामाथि लगानी गर्न कन्जुस्याइँ गरियो भने यसले देशको भविष्यमाथि खेलबाड अथवा बेइमानी गरेको ठहरिन्छ ।

प्रतिफलको आशा गर्ने हो भने लगानी त गर्नैपर्छ । लगानीमा कन्जुस्याइँ गर्ने हो भने चाहेको प्रतिफल पाउन सकिन्न । सुन्तला खान सुन्तलाकै बीउ रोप्नुपर्छ । कागतीको बीऊ रोपेर सुन्तला फल्ने आशा गर्नु मुर्खता मात्रै हुन्छ । त्यसैले बालबालिकामा उचित लगानी गर्नुपर्छ । बालबालिकाका लागि घर, परिवार, समाज र राज्यले गर्ने समय, श्रम र पुँजी लगानीले भोलि अवश्य सुख, शान्ति र समृद्धिसहितको सुनौलो बिहानी आउनेछ ।

# वैदेशिक रोजगारीमा महिलाका चुनौती



**देवेन्द्र अर्याल 'आँसु'**

कुनै बेला चुलो र चौकामा सीमित रहने महिलाहरूको श्रम र सीप अहिले विश्ववजारमा बिक्न थालेको छ । चौघेरामा बाँधिएका नारीहरू अहिले विश्वभरि नै आफ्नो श्रम र सीप खर्चन पुगेका छन् । त्यसैले अहिले उनीहरू घरभित्रमात्र सीमित छैनन् । अहिले विश्वका थुप्रै देशमा पुगेर अर्थतन्त्र मजबुत पार्नका लागि प्रयासरत छन् । आफ्ना परिवारको भविष्यको चिन्ताले पनि उनीहरूको मन बढी कठोर र संघर्षशील बनेको छ । भिन्न संस्कृति, भाषा र परिवेशमा पुगेर पनि नेपाली महिलाले आफ्नो श्रम र सीपलाई विदेशी भूमिमा खर्चिरहेका छन् । त्यसैले दिन-प्रतिदिन वैदेशिक रोजगारीका लागि बिदेसिने महिलाको सङ्ख्या बढिरहेको छ । तर, वैदेशिक रोजगारीमा जाने महिलाहरूको दक्षता, अनुभव र सीपमा कमी भएका कारण उनीहरूलाई वैदेशिक रोजगारी थप चुनौती र सकसपूर्ण बनेको छ । तर, सरकारले सीपमूलक जनशक्ति तयार पार्न प्राथमिकता दिए पनि त्यो त्यति प्रभावकारी बन्न सकेको छैन ।

विदेश जाने अधिकांश महिला सीपबिना नै जाने गरेका छन्, जसका कारण उनीहरूमा समस्या परेको देखिन्छ । वैदेशिक श्रममा जाने महिलाहरूमा पुरुषको तुलनामा सीप र दक्षता कमी भएको देखिन्छ । जबकि वैदेशिक रोजगारीमा जाने महिलाहरू ५९ प्रतिशत अदक्ष रहेका छन् । कुल महिला श्रमिकमध्ये ५८ दशमलव ८४ प्रतिशत त कुनै सीपबिना नै विदेश गएको तथ्य प्रकाशमा आएको छ । त्यसमा उच्च दक्षता भएका महिलाको सङ्ख्या शून्य दशमलव शून्य ६ प्रतिशतमात्र रहेको छ । उच्च दक्षतायुक्त सीप भएका पुरुषको सङ्ख्या पनि शून्य दशमलव शून्य ५ प्रतिशत रहेको देखिन्छ । बितेका तीन वर्षमा पेसाविद्का रूपमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका महिलाहरू शून्य दशमलव ३० प्रतिशत छन् भने सोही पेसामा जाने पुरुषको सङ्ख्या शून्य दशमलव ११ प्रतिशत रहेको छ ।

वैदेशिक रोजगारीका लागि नेपाली महिलाको प्रमुख गन्तव्य स्थल नै कुवेत हो । वैदेशिक रोजगार विभागको आर्थिक वर्ष २०७५/७६ को प्रगति प्रतिवेदनअनुसार गत वर्ष सबैभन्दा धेरै महिला कामका लागि कुवेत गएको देखिन्छ । वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृतिको प्रमुख गन्तव्यमा कतार, साउदी अरब, यूएई, मलेसिया पर्छन् । महिलाका लागि कुबेतपछिको प्रमुख गन्तव्य जर्मनी, माल्दिभ्स, माल्टा, डेनमार्क, जर्मनी र इजरायल बनेका छन् । उक्त देशमा व्यक्तिगत रूपमा श्रम स्वीकृत लिनेमा ८० प्रतिशतभन्दा बढी महिलाहरू रहेका छन् ।

उक्त प्रतिवेदनअनुसार व्यक्तिगत श्रम स्वीकृति लिने कुल १ लाख १५ हजार ३ सय ९८ मध्ये २७ दशमलव ६ प्रतिशत अर्थात् ३१ हजार ८ सय २० महिला रहेका छन् । पुनः श्रम स्वीकृति लिनेमा महिलाको सङ्ख्या कुल श्रम स्वीकृत लिनेकै हाराहारीमा अर्थात् ४५ प्रतिशत देखिन्छ । कुल १५ लाख ८७ हजार ६५४ पटक पुनः श्रम स्वीकृति लिएकामा महिलाको सङ्ख्या ६४ हजार ५ सय ७ रहेको छ । कुबेतमा हालसम्म संस्थागत रूपमा श्रम स्वीकृतिमा ५ हजार ४१ महिला गएको देखिन्छ भने व्यक्तिगत रूपमा जानेको सङ्ख्या २० हजार २ सय ७८ देखिन्छ । भारतसहित ६५ भन्दा बढी देशमा १ लाख ५० हजारभन्दा बढी महिला वैदेशिक रोजगारीमा आबद्ध छन् । नेपाल भित्रने कुल विप्रेषणको ११ प्रतिशत विप्रेषणमा महिला श्रमिकको योगदान रहेको देखिन्छ ।

नेपाली महिलालाई सुरक्षाका दृष्टिले चुनौती देखिएका देशमा संस्थागत रूपमा भन्दा व्यक्तिगत रूपमा श्रमस्वीकृति दिलेको सङ्ख्या बढी देखिन्छ । प्रायः नेपाली महिला विदेशमा घरेलु कामदारका रूपमा वा केयरगिभरका रूपमा त्यहाँ जाने गरेको पाइन्छ । वैदेशिक रोजगारीको जिल्लागत विवरण हेर्दा झापा, मोरङ, सुनसरी, चितवन र सिन्धुपाल्चोक श्रम स्वीकृत लिनेमा अगाडि छन्; जसमा ५० प्रतिशत महिला नै झापाका छन् । वैदेशिक रोजगारीमा जाने महिलाको कुल संख्या विश्लेषण गर्दा वाग्मती प्रदेशका जिल्लाका महिलाको नै बाहुल्यता पाइन्छ । संस्थागत तवरले श्रम स्वीकृति लिने कुल १ लाख ३२ हजार ९ सय ९५ महिलामध्ये ९२ दशमलव ३ प्रतिशत त केवल दशवटा जिल्लाले नै ओगट्छ, जसमध्ये काठमाडौं र मकवानपुर जिल्लाबाट १५/१५ प्रतिशत रहेका छन् भने झापाबाट १७ दशमलव ३४, सिन्धुपाल्चोकबाट १३ दशमलव ९४ प्रतिशत रहेको पाइन्छ ।

कुबेतमा हालसम्म संस्थागत रूपमा श्रमस्वीकृति लिने ५ हजार १ सय ५१ महिला भएकोमा व्यक्तिगत रूपमा त्यहाँ काम गर्न जाने महिला कामदारको सङ्ख्या २० हजार २८७ रहेको छ । कुबेतमा घरेलु श्रमिकका रूपमा जाने नेपाली महिलाहरूको सङ्ख्यालाई छाड्ने हो भने त्यसपछि जर्मन, डेनमार्क, माल्टा, माल्दिभ्समा बढी मात्रामा श्रमस्वीकृति लिएर जानेको सङ्ख्या देखिन्छ । स्वीडेनमा व्यक्तिगत तवरले जाने महिलाहरू बढी रहेका छन् । कुबेत, डेनमार्क, जर्मनी र इजरायलमा व्यक्तिगत श्रम स्वीकृति लिनेमा महिला ८० प्रतिशत भन्दा बढी रहेको पाइन्छ ।

नेपाली महिलाका तुलनामा अन्य देशका महिला श्रमिक तालिम प्राप्त, अनुभवी र सीपयुक्त भएका देखिन्छन् । सीप नभएका कारण एउटा कामका लागि स्वीकृत लिएर अर्कै कामका लागि अर्को कुनै देशमा जानुपर्ने बाध्यता नेपाली महिला श्रमिकको छ, जसका कारण महिलाहरू बढी हिंसामा पर्नुपरेको देखिन्छ । त्यसो त जोखिम मानिएका देशमा व्यक्तिगत श्रम स्वीकृतिमा जाने महिलाको सङ्ख्या ज्यादा रहेको छ ।

गत वर्षको वैदेशिक रोजगार बोर्डको प्रतिवेदनमा समेत सबैभन्दा बढी महिलाको मृत्यु हुने देश कुबेत र युएई देखिन्छ । त्यहाँ महिला कामदारलाई मालिकहरूले मानसिक र शारीरिक यातना दिने गरिएको पाइन्छ । रातदिन काम गरेर पनि उनीहरूले तलब पाउन सकेको देखिन्न । वैदेशिक रोजगारमा जानेहरू म्यानपावर कम्पनीबाट नै ठगिएको समेत घटना सार्वजनिक भएका छन् । घरमालिकले जथाभावी यातना दिँदा पनि उनीहरू यातना सहन बाध्य भएको नै पाइन्छ । त्यसैले, विदेशमा वस्तुसरह मोलमोलाइमा नेपाली महिला कामदारहरू बेचिएका छन् । विश्वका कतिपय देशमा उनीहरू तड्पिएर बाँच्न विवश छन् । विरानो देश, विरानो परिवेश, न भाषा, न संस्कृति न कानुन नै मिल्छ, त्यस्तो देशमा पनि भगवान् भरोसामा रहेर नेपाली महिला श्रमिकहरू सङ्घर्ष गरिरहेका छन् । दुःखकष्ट भोग्न विवश छन् । ज्यादै कष्टकर जीवन बिताइरहेका छन् । आफ्नो काम गरेको पारिश्रमिक नपाउनुको पीडा एकातिर छ भने पारिश्रमिक माग्दा उल्टै यातना पाउने गरेबाट पनि नेपाली महिला कामदारको विदेशमा ज्यादै दयनीय अवस्था रहेको प्रतीत हुन्छ । कति ठाउँमा नेपाली महिला श्रमिकको भविष्य सुनिश्चित छैन । थुप्रै नेपाली महिला श्रमिकहरू कतै केयरगिभर त कतै बार डान्सर वा घरेलु कामदारका रूपमा कार्यरत् छन् ।

विश्वमा नेपालीहरू रोजगारीका लागि जाने क्रम दिनप्रतिदिन बढदै गएको देखिन्छ । विदेशका थुप्रै मुलुकमा नेपाली कामदारहरू विभिन्न रूपमा कार्यरत छन् । उनीहरू बढीभन्दा बढी हिंसामा परेका छन् । त्यहाँ भएका नेपाली राजदूतावास, महावाणिज्य दूतावास तथा श्रमसहचारीले पनि ध्यान नदिएको उनीहरूको गुनासो रहेको छ । साउदी अरब, ओमान, युएई, कतार, कुबेतमा श्रमसहचारीमात्र छन् भने कतार, साउदी अरब, युएईमा भने कन्सुलरमात्र रहेका छन् । जोर्डन, इराक, टर्की, सिरिया, साइप्रस, यमन, बहराइन, इरान, इजरायल, लेबनान आदि देशमा कुनै पनि राजदूत, श्रमसहचारी, महावाणिज्य दूतावास, स्थायी नियोग, कन्सुलर र श्रमसहचारी नहुँदा त्यहाँ नेपाली श्रमिकलाई ठूलो समस्या परेको छ ।

पछिल्लो समयमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले वैदेशिक रोजगारका क्रममा अंगभंग भएका, मृत्यु भएका र गम्भीर प्रकृतिका बिरामी भएका परिवारका एक सदस्यलाई निःशुल्क प्राविधिक शिक्षा वा तालिम दिने व्यवस्था गरेको छ । यसबाट वैदेशिक रोजगारीका लागि जानेका परिवारलाई केही भए पनि राहत मिल्ने देखिन्छ । वैदेशिक रोजगारमा जानुपूर्व विभिन्न तयारी गरेर जाने गर्दा वा सम्बन्धित म्यानपावरबाट सबै कुरा बुझेर जाने हो भने पनि केही हदसम्म महिला श्रमिकले पाउने सास्ती वा पीडा न्यून हुन पुग्छ । वैदेशिक रोजगारीका निहुँमा झट्टै फाल हाल्नु हुँदैन भन्ने कुरा वैदेशिक रोजगारीमा पुगेका महिला श्रमिकको समस्या र उनीहरूले भोग्नु परेका पीडाका खबर वा समाचारबाट पनि बुझ्न सकिन्छ । त्यसैले वैदेशिक रोजगारीका लागि विदेश जानुपूर्व सबै कुरा राम्रोसँग बुझेर जानुपर्छ । फस्नुभन्दा पहिले नै सर्तकता अपनाउनु जरुरी छ । त्यस्तै सीप र दक्षताबिनै वैदेशिक रोजगारीमा जाँदा महिलाहरूले निक्कै सास्ती खप्नुपर्ने हुँदा आगामी दिनमा वैदेशिक रोजगारीका लागि जानेलाई सोहीअनुरूपको तालिम, सीप र दक्षता प्रदान गर्नुपर्ने देखिन्छ ।

# तेलको मूल्यमा २५ प्रतिशतले गिरावट

**न्यूयोर्क/एजेन्सी–** कोरोना भाइरसका कारण सिर्जित समस्याका कारण खनिज तेलको मूल्यमा भारी गिरावट भएको छ ।

अन्तर्राष्ट्रिय मापदण्डको ब्रेन्ट क्रुडको लन्डनको कारोबारमा प्रतिब्यारेल ११.४४ अमेरिकी डलर अर्थात् २५.३ प्रतिशत गिरावट आएको छ । लन्डनमा प्रति ब्यारेल ३३.३३ अमेरिकी डलरमा कारोबार भएको छ ।

यो नाटकीय गिरावटसँगै अमेरिकी खनिज तेलको मूल्यमा पनि शुक्रबार १०.१ प्रतिशत गिरावट आएको छ, र पाँच वर्ष यताकै यो सबैभन्दा ठूलो नोक्सानी हो । मूल्यलाई स्थिर राख्न उत्पादनमा के कति कटौती गर्ने भन्ने विषयमा ठूला तेल उत्पादक राष्ट्र साउदी अरेबिया, रसिया र अरु तेल उत्पादक मुलुकबीच मतैक्य नभएपछि यस्तो समस्या आएको हो । विश्वव्यापी




तेल बजारमा देखिएको उथलपुथलकै कारण मध्यपूर्व र एसियाली शेयर बजारमा व्यापक गिरावट आएको छ । तेलको मूल्यमा गिरावट आउँदा दक्षिण कोरिया, जापान र चीनलाई फाइदा पुग्ने अवस्था देखिए पनि विषम अस्थिरताले अर्थतन्त्रलाई ठूलो नोक्सानी गर्नेछ । मानिसको यात्रामा कटौती भएका कारण ऊर्जाको मागमा कमी आएको छ । कोरोनाभाइरसका कारण अर्थतन्त्रको गति सुस्त हुनुको अर्थ मागमा कमी आउनु पनि हो ।

एक्सीकर्पका प्रमुख बजार रणनीतिकार स्टिफेन इन्सले साउदी अरेबियाले बजार हिस्सा ओगट्ने उद्देश्यसहित तेलको उत्पादन अझ बढाउन सक्ने बताए । विश्व तेल बजारमा यस्तै तर्क विगतमा पनि गरिएका थिए ।

सन् २०१४ मा ओपेकले अमेरिकी तेल नीतिमा आएको फेरबदललाई ध्यानमा राखी तेल उत्पादन कटौती गर्नुको साटो बढाएको थियो । यसबाट १०० अमेरिकी डलर प्रतिब्यारेल पुगिसकेको तेलको मूल्य सन् २०१५ मा ४० डलरभन्दा तल झरेको थियो । अमेरिकी शेयर बजार पनि गत महिनाको तुलनामा १२.२ प्रतिशतले घटिसकेको छ ।

# अफगानिस्तानमा दुई राष्ट्रपति !



**काबुल/एजेन्सी–** अफगानिस्तानका पूर्वराष्ट्रपति असरफ घानी र सरकारका प्रमुख कार्यकारी अब्दुलाह गरी दुवै जनाले राष्ट्रपति पदको सपथग्रहण गरेको दाबी गरेका छन् ।

सोमबार दिउँसो घानीले सपथग्रहण गरेको घोषणा गरेकै बेलामा अब्दुलाहले पनि सपथग्रहण गरेको दाबी गरेका हुन् । घानीले राष्ट्रपति कार्यालयमै विशेष समारोहको आयोजना गरेर दोस्रो कार्यकालका लागि राष्ट्रपतिको जिम्मेवारी सम्हालेको घोषणा गरेका थिए ।

समारोहमा अमेरिकी विशेष प्रतिनिधि जाल्माय खालिल्जाद, अमेरिकी कार्यवाहक राजदूत रोस विल्सन, अमेरिकी, नाटो फौजका कमान्डर जनरल स्कट मिलरसँगै युरोपेली सङ्घ, क्यानडा अस्ट्रेलिया, डेनमार्क, जर्मनी र नर्वेका राजदूतहरु उपस्थित थिए ।

अर्कोतर्फ प्रमुख कार्यकारी अब्दुलाहले पनि राष्ट्रपतीय निर्वाचनमा आफू विजयी भएको दाबी गर्दै राष्ट्रपति पदको सपथग्रहण गरेको दाबी गरेका थिए ।

घानीले गत फेब्रुअरीमै आफू दोस्रो कार्यकालका लागि राष्ट्रपतिमा निर्वाचित भएको घोषणा गरेका थिए । गत सेप्टेम्बरमा निर्वाचन भए पनि परिणाम घोषणा हुन नसकेपछि उनले पाँच महिनापछि विजयी भएको घोषणा गरेका हुन् ।

गत डिसेम्बरमा घोषणा भएको प्रारम्भिक नतिजाअनुसार घानी झिनो मतअन्तरले अगाडि रहेका थिए । दुवै नेताको आ-आफ्नै दाबीका कारण अफगानिस्तानको राजनीति थप सङ्कटमा पर्ने देखिएको छ । सपथग्रहण कार्यक्रम चलिरहेकै बेला राजधानी काबुलमा बम विस्फोटनका घटना पनि भएका छन् ।

लामो समयदेखि गृहयुद्धमा फसेको अफगानिस्तानमा केही दिनअगाडि तालिवान लडाकु र अमेरिकाबीच आंशिक शान्ति सम्झौता भएको थियो । तर पनि हिंसात्मक घटना नरोकिँदा अफगानिस्तानको राजनीतिले सकारात्मक मोड लिन सकेको छैन । अमेरिकासँगको सम्झौता अनुसार अबको चरणमा तालीवान समूह र अफगान सरकारबीच शान्तिवार्ता गर्ने सहमति भएको थियो ।

वार्ता सुरू गर्न अफगान तालिवान समूहले कैदीबन्दीको आदान प्रदान गर्नुपर्ने माग राखेको छ । यसमा सरकारले पाँच हजार तालिवान लडाकुलाई रिहा गर्ने र वदलामा तालिवान समूहले एक हजार अफगानी सैन्य अधिकारीलाई रिहा गर्ने शर्त रहेको छ । राष्ट्रपति घानीले शर्तसहितको वार्ता र तालिवानको कैदी आदान प्रदानको मुद्दालाई अस्वीकार गरेका छन् ।

# ब्राजिलमा पहिरोबाट ४२ जनाको मृत्यु



**ब्राजिल/एजेन्सी–** ब्राजिलको दक्षिण पूर्वीराज्य साओ पाउलोमा भीषण वर्षासँगै आएको पहिरोमा परेर मृत्यु हुनेको संख्या ४२ पुगेको छ ।

उद्धारकर्मीका अनुसार उक्त पहिरोमा अरु ३६ जना हराइरहेका छन् । गुआरुजाको पहाडी इलाकाका पुराना घर वर्षासँगै शुरु भएको पहिरोले बगाएको थियो ।

गएको सातादेखि नै भारी वर्षा भएका कारण उद्धार कार्यमा कठिनाई भइरहेको स्थानीय अधिकारीले बताएका छन् ।

# सुडानका प्रधानमन्त्री हामडोकमाथि आक्रमणको प्रयास



**कायरो/एजेन्सी–**सुडानका प्रधानमन्त्री अब्दल्ला हामडोकमाथि सुडानको राजधानी खार्तुममा आक्रमणको प्रयास भएको सुडानको सरकारी मिडियाले जनाएको छ ।

प्रधानमन्त्री चढेको सवारी साधनलाई लक्षित गरी राजधानी खार्तुममा विस्फोट गराइएको प्रहरीको भनाइ छ ।

प्रधानमन्त्री हामडोकको परिवारका अनुसार प्रधानमन्त्री सकुशल र सुरक्षित रहनु भएको छ । सुडानको सरकारी टेलिभिजनले कार्यालयतर्फ जाँदा बाटोमा बम विष्फोटन गराइएको जनाएको छ । तत्कालै सुरक्षाकर्मीले उहाँलाई "सुरक्षित स्थलमा" लगेका थिए । उक्त आक्रमणको तत्काल कसैले जिम्मेवारी लिएको छैन ।

अनलाइनमा पोष्ट गरिएको फुटेजमा प्रधानमन्त्री हामडोक चढ्नु भएको सवारी साधन सहित दुईवटा सेता, जापानी सवारीसाधन सडकको किनारामा देखिएका थिए जसका झ्यालका शिशा फुटेका थिए । विस्फोटमा अर्को एउटा गाडी नराम्ररी क्षतिग्रस्त भएको थियो ।

प्रजातन्त्र समर्थकको चर्को दबाबबीच गत अगष्टमा हामडोक सुडानको प्रधानमन्त्री बन्नु भएको थियो । जनप्रदर्शन व्यापक बन्दै गएपछि सुडानको सेनाले गत अप्रिलमा तत्कालीन राष्ट्रपति ओमर अल बशीरलाई सत्ताच्यूत गरी सेनाले सत्ता आफ्नो हातमा लिएको थियो ।

महिनौंको छलफलपछि सेना र प्रजातन्त्रवादी आन्दोलनबीच गत अगस्टमा सत्ता-साझेदारी गर्नेगरी सम्झौता भएको थियो । सम्झौता अन्तर्गत ११ सदस्यीय संयुक्त सैन्य-नागरिक सार्वभौम परिषद स्थापना गरिएको थियो । यस परिषदले सुडानमा आगामी तीन वर्ष शासन सञ्चालन गर्ने र प्रधानमन्त्रीमा नागरिक प्रतिनिधिका रुपमा हामडोकलाई नियुक्त गर्ने सहमति भएको थियो ।

सैन्य जनरल देशको शासनसत्ता नागरिक नेतृत्वको प्रशासनलाई हस्तान्तरण गर्न त्यति इच्छुक देखिएका छैनन ।

# ह्यारिसको समर्थन बाइडेनलाई

## जेस्सी ज्याक्सन स्यान्डर्सको प्रचारमा



**वासिङ्टन/एजेन्सी–** क्यालिफोर्निया राज्यकी सिनेटर कमला ह्यारिसले अमेरिकी राष्ट्रपतिका आकांक्षी जो बाइडेनलाई समर्थन गर्ने औपचारिक घोषणा गरेकी छन् ।

गत डिसेम्बरमै उम्मेदवारी परित्याग गरेकी ह्यारिसले बाइडेनलाई जिताउन आफूले सक्दो मद्दत गर्ने पनि बताएकी छन् ।

अमेरिकी डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपतिको उम्मेदवार छनौटको दौडमा अब पूर्वउपराष्ट्रपति जो बाइडेन र सिनेटर बर्नी स्यान्डर्स मात्र छन् । दुवैमध्ये एक जनाले आगामी नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतिको निर्वाचनमा रिपब्लीकन उम्मेदवार एवम् वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पसँग प्रतिस्पर्धा गर्नुपर्ने छ ।

यही मङ्गलबार छ वटा राज्यमा चुनाव हुनुअघि ह्यारिसको घोषणा हुनुले बाइडेनलाई फाइदा पुग्ने अनुमान गरिएको छ । अमेरिकी दुई ठूला राज्य मिसिगन र मिसिसिपी समेत छ वटा राज्यमा चुनाव हुँदैछ ।

गत मङ्गलबार सम्पन्न १४ वटा राज्यको चुनावले धेरै उम्मेदवारलाई पाखा लगाएको थियो । यीमध्ये १० वटा राज्यमा बाइडेनले चुनाव जित दर्ता गराएका थिए भने क्यालिफोर्नियासमेत चार राज्यमा स्यान्डर्स विजयी भए ।

स्यान्डर्सलाई पछिल्लो पटक नागरिक अधिकारका पक्षमा वकालत गर्ने अमेरिकी विशिष्ट अश्वेत नागरिक जेसी ज्याक्सनले समर्थन गरेका छन् । मिसिगनको ग्रान्डमा आयोजित चुनावी सभामा स्यान्डर्ससँगै ज्याक्सन उपस्थित थिए ।

स्यान्डर्सको चुनावी अभियानले प्रकाशन गरेको विज्ञप्तिमा ज्याक्सनलाई स्यान्डर्सको आमन्त्रणलाई सहर्ष स्वीकार गरेको तर बाइडेनले ज्याक्सनलाई एक पटक पनि नसम्झेको उल्लेख छ ।

बाइडेनका पूर्वप्रतिस्पर्धी एमी क्लोबुचार, पिट बुटिजिज, बेटो ओरुर्की, माइक ब्लूमबर्ग, टिम रायन, डेभाल प्याट्रिक र जोन डिलानीले उम्मेदवारी परित्याग गरी बाइडेनलाई समर्थन गरेका छन् ।स्यान्डर्सलाई भने मारिएन विलियम्सन र बिल डी ब्लासिओले समर्थन गरेका छन् ।

यसैबीच, आइतबार मिसिसिपीका दुई जना वरिष्ट डेमोक्र्याट्स पूर्वगभर्नर रे माबुस र पूर्वराष्ट्रपति बिल क्लिन्टनको कार्यकालका कृषि मन्त्री माइक एसपीले पनि बाइडेनलाई समर्थन गरेका छन् ।


## नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहलको

### एल. पि. ग्याँस सम्वन्धि सर्वसाधारणमा जारी गरिएको अपिल

एल. पि. ग्याँस उपभोगको औषत मासिक खपत परिमाण ३८,००० मेट्रिक टन रहेकोमा बजारको बढ्दो मागलाई ध्यानमा राखी यसै महिनादेखि निगमले ४५,००० मेट्रिक टनका दरले आपूर्ति हुने व्यवस्था मिलाईसकेको छ । बजारको माग अनुसार नै पर्याप्त ग्याँस आपूर्ति भैरहेकाले ग्याँसको अभाव नहुने ब्यहोरा निगम सर्वसाधारणमा जानकारी गराउँदछ ।

अनावश्यक ग्याँस सिलिण्डर खरिद गरी राख्ने प्रवृतिले गर्दा बजार असामान्य हुने, दुर्घटनाको सम्भावना बढ्ने र आपुर्ति व्यवस्था असहज हुने हुँदा आफ्नो दैनिक आवश्यकता परिपूर्तिका लागी मात्र ग्याँस खरिद गरिदिनु हुन र एल. पि. ग्याँस खरिद गर्न जाँदा नयाँ सिलिण्डर खरिद नगरी आफुसँग भएको खाली सिलिण्डर फिर्ता गरी ग्याँसको मात्र मूल्य तिरी ग्याँस खरिद गर्न समेत निगम एल. पि. ग्याँसका उपभोक्ताहरुलाई विनम्र अनुरोध गर्दछ । एल. पि. ग्याँस खरिद सम्वन्धि गुनासाहरु भए निगमको केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयहरुमा सम्पर्क राख्नुहुन निगम आम उपभोक्ताहरुमा अनुरोध गर्दछ ।



## साउदीमा रोजगार | कम्पनी: SAUDI KNITTING FACTORY FOR MAN'S TAILORING शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/२३ चलानी नं.: ६०१५३१८० LT. No.: 234251

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Tailor | 1 | 0 | स. काममा दक्ष | 1500 | ४७,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MUNIRAH ALI NASSER AL AZMI GENERAL CONTRACTING. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/२३ चलानी नं.: ६०१५३१७५ LT. No.: 234654

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith arm Building | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: INNOVATIVE RECIPES TRADING CO शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/२३ चलानी नं.: ६०१५३१७७ LT. No.: 234653

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef Assistant | 2 | 0 | स. काममा दक्ष | 2500 | ७८,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: HESSA AWAD AL-MUTAIRI TRANSPORT EST शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/२३ चलानी नं.: ६०१५३१७६ LT. No.: 234392

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५६,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: FLYING CAMEL CONTRACTING EST शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/२३ चलानी नं.: ६०१५३१७८ LT. No.: 233857

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hospitality Workers | 2 | 0 | | 1000 | ३१,३८० | | | | | | | |
| 3. | Room Service Supervisor | 1 | 0 | | 2000 | ६२,७६० | | | | | | | |
| 4. | Hotel Room Service Worker | 4 | 0 | | 1000 | ३१,३८० | | | | | | | |

६. कम्पनी: BAKERY BREAD BASKET शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/२३ चलानी नं.: ६०१५३१७४ LT. No.: 234655

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing and Packaging Agent for sweets | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी: AL-SHAIKH INTERNATIONAL GROUP GEN. CONT. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/२३ चलानी नं.: ६०१५३१७९ LT. No.: 234250

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

### अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा चैत ४ गते (17 March 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

AIS श्रम ईजाजत पत्र नं. ०११/०५३/०५४

## अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.

पि.ओ.बक्स: ३२११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक),फ्याक्स: ४४६६९५५, फोन: ४४६६७३३, ४४८५७३०, Email: cv.annapurna@gmail.com, Url: www.annapurnaservices.com

Right People For Right Job At The Right Time



## कतार र यूएईमा रोजगार | १. कम्पनी: SINGAPORE ENGINEERING & CONTRACTING शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/१५ चलानी नं.: ६०१५२५५८ L.T. No.: 233732 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८०,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric | 19 | 0 | | 1200 | ३८,७९५ | | | | | | | |
| 3. | Instal Electrician | 19 | 0 | | 1500 | ४८,४९५ | | | | | | | |

२. कम्पनी: ATIAF PROJECTS शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१०/१६ चलानी नं.: ६०१५०८५८ L.T. No.: 231753 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen.clean Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plaster Worker | 7 | 0 | | 1400 | ४५,२६० | | | | | | | |
| 3. | Labourer | 3 | 0 | | 1000 | ३२,३३० | | | | | | | |
| 4. | Building Worker | 3 | 0 | | 1000 | ३२,३३० | | | | | | | |

३. कम्पनी: SE7EN GROUP शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१०/१६ चलानी नं.: ६०१५०८७४ L.T. No.: 231766 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Correspondent | 1 | 0 | | 3200 | १०३,४५५ | | | | | | | |
| 3. | Gen.clean Worker | 40 | 0 | | 1000 | ३२,३३० | | | | | | | |
| 4. | Foreman | 4 | 0 | | 2700 | ८७,२९० | | | | | | | |
| 5. | Gen.clean. Worker (Female) | 0 | 10 | | 1000 | ३२,३३० | | | | | | | |

४. कम्पनी: PARAGON EMPLOYMENT SERVICES LLC शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/१०/१६ चलानी नं.: ६०१५०८३८ L.T. No.: 231470 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Fitter Assistant | 60 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २५,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ordinary Labourer | 16 | 0 | | 800 | २५,६४० | | | | | | | |
| 3. | Construction Carpenter Assistant | 60 | 0 | | 800 | २५,६४० | | | | | | | |
| 4. | Brick Mason Assistant | 34 | 0 | | 800 | २५,६४० | | | | | | | |

### अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा चैत ४ गते (17 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं. १ र ४ को नि:शुल्क अन्यको रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.

सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३

(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)

Tel: 4385294, 4385295, 9851085526, Email: info.royal1034@Gmail.com

# बक्स अफिस समाचार

## कस्तो रह्यो सेलिब्रेटीको होली ?

मध्यान्ह संवाददाता
काठमाडौं/२६ फागुन ।

रङहरूको पर्व फागु पूर्णिमा (होली) मनाइदैंछ । सोमबार हिमाली तथा पहाडी जिल्लाहरूमा मनाइयो भने आज तराईमा मनाइदैंछ । रमाइलो, हाँसिमजाक गर्ने अनि रंगीन भएर आफ्ना सुभेच्छुकहरूसँग होली मनाउने संस्कृत स्थापित नै भइसकेको छ । तर, यो वर्ष भने कोरोना भाइरस संक्रमणको जोखिम हुँदा आफ्ना सुभेच्छुकहरूमाझ प्रस्तुति दिँदै रमाइलो गर्नबाट प्रायः सबै कलाकार बञ्चित भए ।

कलाकारहरूले यो वर्ष होली मनाए पनि विगतका वर्षभ‍ै खुलेर खेल्न सकेनन् । कलाकारहरू मानिसहरूको जमघट र भीडभाडबाट टाढै रहेर यो पटक होली मनाइरहेका छन् । 'हंगामा' नै गर्न नपाए पनि सामान्य तरिकाले सही, कलाकारहरूले होलीमा रमाइलो भने गरेका छन् । कसैले घरपरिवारमै त कसैले सीमित साथीभाइसँग होली पर्व मनाउँदैछन् ।

कोरोना भाइरसकै कारण यो पटक होलीमा हुने भनिएका कतिपय कार्यक्रम आयोजकले स्थगित गरेका छन् त कतिपय कलाकार स्वयंले नै कार्यक्रम रद्द गरेका छन् ।

**प्रियंका–आयुष्मान**

केही दिन अगाडि मात्रै वैवाहिक बन्धनमा बाँधिएकी नायिका प्रियंका कार्कीले यो पटक श्रीमान आयुष्मान देशराज जोशीसँग होली खेलिन् । घरमै होली खेलेर उनीहरू चितवन गए । कोरोना भाइरसको त्रासका कारण उनीहरूले विगतको जसरी खुलेर होली मनाउन सकेनन् ।

**सुरक्षा पन्त**

अभिनेत्री सुरक्षा पन्तले पनि घर-परिवारमै होली मनाएकी छन् । आफ्न्तबीच भेटघाट, एक आपसमा अविर दलेर होली गरिन् । कोरोना भाइरसको त्रासका कारण भिडभाड हुने कार्यक्रम नै स्थगित गरेर घरमै होली मनाएको सुरक्षा बताउँछिन् ।

**नाजिर हुसेन**

इस्लाम धर्मावलम्बी नाजिर हुसेन सानैदेखि होली मनाउँदै आएका छन् । तर अभिनेता नाजिरले यो पटक भने होली खेलेनन् । कोरोनाकै कारण उनले पनि बाहिरका सबै कार्यक्रम स्थगित गरे । होली नमनाउने भएपछि काममै (म्यूजिक भिडिओको सुटिङमा) व्यस्त रहेका नाजिर साँझ भने साथीभाइसँग सामान्य सेलिब्रेसन गरे । सरकारले जारी गरेको सूचनापछि होलीको कार्यक्रम स्थगित गरिएको उनको भनाइ छ ।



**रेखा थापा**

अभिनेत्री रेखा थापाले पनि परिवारका सदस्यसँगै होली मनाएकी छन् । सावधानी अपनाउँदै यो पटक परिवारसँगै बसेर होली मनाइरहेको उनको भनाई छ । सिमित साथीभाईसँग सामान्य तरिकाले होली सेलिब्रेसन गरिएको रेखाको भनाइ छ ।

**करिष्मा मानन्धर**

हरेक वर्ष करिष्मा मानन्धरको घरमा होलीमा विशेष कार्यक्रम हुन्छ । तर कोरोना भाइरसकै त्रासका कारण उनले यो वर्षको होली कार्यक्रम स्थगित गरिन् । होलीको विशेष कार्यक्रमका लागि छुट्याइएको खर्च उनले नेपाल चलचित्र विकास बोर्डका स्व. अध्यक्ष केशव भट्टराईको परिवारलाई सहयोग गरिन् । उनले परिवारसँगै बसेर यो पटक सामान्यरूपमा होली मनाइन् ।

**दिवाकर भट्टराई–दीपिका प्रसाई**

निर्देशक दिवाकर र नायिका दीपिकाले आपसमा रङ लगाएर होली मनाएका छन् । कोरोनाकै त्रासका कारण उनीहरूले पनि विगतको जस्तो भव्य होली मनाएनन् । तय भएका कार्यक्रमहरू सबै स्थगित गरेर दिवाकर-दीपिका जोडीले सामान्य रूपमा होली मनाएको बताए ।

## गायक घिमिरेको लोक गीत 'डाँडा पारीमा'




**काठमाडौं/मस–** गायक विदुर घिमिरेको स्वरमा रहेको लोक दोहोरी गीत डाँडा पारीमा सार्वजनिक भएको छ । झण्डै ३ वर्षपछि सांगीतिक क्षेत्रमा फर्किएका उनले गाउँबेसीको मौलिकता उजागर गर्ने खालको दोहोरी गीत ल्याएका हुन् ।

गल्बन्दी गीत गाएर चर्चामा आएकी चर्चित गायिका शान्तिश्री परियारले उनलाई गायनमा साथ दिएकी छन् । कृष्ण दाहालको शब्द संगीत रहेको गीतको म्युजिक भिडियोमा गायक घिमिरेले मोडल आयुष्मा कार्कीसँग अभिनय गरेका छन् । गीतको भिडियो सम्पादन शिलन लम्सालले गरेका हुन् भने रेशम दर्लामीले क्यामेराम्यानको भूमिका निभाएका छन् ।

बुढासुब्बा डिजिटलको युट्युब मार्फत सावीजकि भएको भिडियोको मनोज सुवेदीले निर्देशन गरेका छन् । गायक घिमिरेको यसअघि 'म मरेर तिमिलाई खुशी मिल्छ भने' लगायतका गीत चर्चित छन् ।

## बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव स्थगित



**काठमाडौं/मस–** अप्रिलको अन्तिम साता हुने भनिएको बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव स्थगित भएको छ । कोरोना भाइरसको संक्रमण फैलिन नदिनको लागि महोत्सव स्थगित गरेको आयोजकले जनाएको छ ।

२०११ देखि बेइजिङ नगरपालिकाको सहयोगमा आयोजन हुँदै आएको महोत्सव अप्रिल १९ देखि २६ सम्म गर्ने तयारीमा थियो । नोबेल कोरोना भाइरसको संक्रमण फैलिनबाट जोगाउन अनिश्चितकालका लागि कार्यक्रम स्थगित गरिएको आयोजक संस्था बेइजिङ नगरपालिकाले जनाएको छ ।

यो महोत्सव विश्वको प्रख्यात चलचित्र महोत्सवहरूमध्ये एक हो । यसको शुरूआतदेखि नै यसमा हलिउडका प्रख्यात निर्देशक, निर्माता, अभिनेताहरूको उपस्थिति रहने गरेको छ । यो महोत्सव विभिन्न संस्कृतिबारे छलफल गर्ने एक महत्वपूर्ण थलोको रूपमा विकास भएको छ ।

पछिल्लो दशक चिनियाँ फिल्मको बजार र बक्स अफिस तीब्र रूपमा बढ्दै गएको छ । यो फेस्टिभल चिनियाँ र अन्तर्राष्ट्रिय चलचित्र उद्योगहरूबीच संवाद गर्ने- गराउने मञ्च बन्दै आएको छ । कोरोना भाइरसको प्रकोप कम भएपछि पुनः मिति तय गरी महोत्सवको बारेमा जानकारी दिने आयोजकले जनाएको छ । मार्चको अन्तिम साता आयोजना हुन लागेको हङकङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव पनि स्थगित भएको छ । यी मात्रै नभई 'हङकङ एशिया फिल्म फाइनान्सिङ फोरम' र 'द फिलमार्ट ट्रेड शो' पनि अगस्ट सम्मको लागि स्थगित भएको छ ।

## अनमोलको स्पष्टिकरणपछि संघ त्रसित

**काठमाडौं/मस–** चलचित्र 'धुपौरे' का निर्माता र अभिनेता अनमोल केसीबीच उत्पन्न विवाद उत्कर्षमा पुगेको छ । निर्माता द्वय जयन श्रेष्ठ र रुपेन्द्र खड्गीले दुई हप्ताअघि महानगरीय प्रहरी परिसर काठमाडौंमा अनमोलविरुद्ध ठगीको उजुरी दिएका थिए । 'धुपौरे' मा अभिनय गर्न ५ लाख रुपैयाँ एडभान्स लिएर फिल्मका लागि अनमोलले समय नदिएको भन्दै उनीहरुले उजुरी दिएका थिए । प्रहरीमा उजुरी दिएको दुई हप्तापछि अनमोलले आइतबार आफ्नो आधिकारिक फेसबुकमा स्टाटस लेख्दै स्पष्टिकरण दिएका थिए । वानलाइन स्टोरीभन्दा स्क्रिप्ट भिन्न रहेको र स्क्रिप्टमा थप मेहेनत गर्न आफूले आग्रह गरे पनि निर्माता/निर्देशकले छायांकनमा जान कर गरेका कारण आफूले फिल्म गर्न नमानेको उनले स्टाटसमा लेखेका थिए । उनले निर्मातालाई ५ लाख रुपैयाँ जुनसुकै बेला फिर्ता गर्न तयार रहेको बताए । फिल्मको विषयमा उत्पन्न विवादलाई लिएर गरिएको निर्माता र अभिनेताको सार्वजनिक अभिव्यक्तिप्रति चलचित्र निर्माता संघले ध्यानाकर्षण भएको जनाएको छ । यो विवाद मिलाउन महानगरीय प्रहरी परिसर काठमाडौंले चलचित्र निर्माता संघलाई पत्रचार गरेका कारण अहिले निर्माता संघ फिल्मका निर्माता र अभिनेताबीच उत्पन्न विवाद मिलाउन दुवै पक्षसँग छलफल गरिरहेको छ ।


**UAE मा रोजगार** | कम्पनी: T P H PUBLIC HEALTH PESTCONTROL SERVICES ONE PERSON CO. LLC | शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७६/११/०५ | चलानी नं.: ६०१५३१८३ | LT. No.: 232813

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 0 | 18 | स. काममा दक्ष | 900 | २८,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ४ गते (17 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

AIMS Govt. Lic. No. 1440/074/075
**Almighty International Manpower Services Pvt.ltd.**
Tokha-10, Kathmandu, Tel.: 01-4364026,01-4386170,
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com



**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: 515 MEDSPA CENTER, DUBAI

पूर्व स्वीकृत मितिः २०७६/११/२३ | चलानी नं.: ६०१५३१२८ | LT. No.: 234733

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse | 0 | 10 | स. काममा दक्ष | 2500 | ८०,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ४ गते (17 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt Lic. NO. 647/063/064
**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mob.: 9828043633, 9828043634, 9828043635, 9828043636, 9828043637, 9828043638, 9828043774, 9818550101, 9818925693, 9802698026
E-mail : sharonhrsolution@gmail.com, sharonmanpower2@gmail.com



**साउदीमा रोजगार** | कम्पनी : AL BALAH AL THAHABI SWEETS CO | शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७६/११/२३ | चलानी नं.: ६०१५३१६१ | L.T. No.: 234573

